# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ५७ | काठमाडौं | बिहीबार, ०५ असार २०८२ | Prabhab National Daily | Thursday, June 19 , 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**बाढी र पहिरोबाट जोगिऔं**

बाढी र पहिरोबाट हुने जोखिमबाट सतर्क बनौः

- सञ्चार माध्यमबाट मौसमको जानकारी प्राप्त गर्ने गरौं,
- बाढी वा पहिरोको उच्च जोखिम भएको क्षेत्रमा होसियारी अपनाऔं,
- आपतकालीन झोला (औषधि, टर्चलाइट, खानेकुरा र लुगाफाटा) तयार राखौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष ध्यान दिऔं,
- बाढी पहिरो आएमा सुरक्षित स्थानतर्फ जाऔं,
- विजुलीका लाइन वा पोलबाट टाढा बसौं,
- बाढीको समयमा खोलानाला पार गर्दा सतर्कता अपनाऔं,
- अफवाह नफैलाऔं, सत्य सूचना मात्र आदान-प्रदान गरौं,
- घाइते वा जोखिममा परेका व्यक्तिको उद्धारमा सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


नयाँ गठबन्धनका लागि रास्वपाको भर

## कांग्रेस र माओवादी नै भड्काउँदै




■ प्रभाव संवाददाता

**काठमाडौं–** दुई शीर्ष दल नेपाली कांग्रेस र नेकपा एमाले मिलेर बनेको सरकारमा किचलो बढ्दो छ । यही मौकामा नेकपा माओवादी केन्द्र भने कांग्रेससँग मिलेर नयाँ गठबन्धन बनाउने प्रयासमा लागेको निकै भइसक्यो । साना दलसँग मिलेर सरकार बनाउन हम्मे भएकोले कांग्रेसले यसको जिम्मा माओवादी केन्द्रलाई दिएको कांग्रेसकै नेताहरू बताउँछन् ।

माओवादीसँग गठबन्धनको कुराकानी मिलाउन कांग्रेस सभापति शेरबहादुर देउवाले उपसभापति पूर्णबहादुर खड्कालाई जिम्मेवारी दिएका छन् । सम्भावित गठबन्धनको खाका बनाउन र वार्ता गर्न खड्काले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई पटक-पटक भेटिसकेका छन् ।

सत्ता फेर्न कांग्रेसलाई माओवादीमात्र भएर पुग्दैन । किनभने बहुमतका लागि कम्तीमा १३७ सिट आवश्यक हुन्छ । अहिले कांग्रेससँग ८७ सिटमात्र छ । माओवादीसँग ३२ सिट छ । यो जोड्दा जम्म ११९ हुन्छ । पछिल्लो समय एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल पतञ्जलि योगपीठको जग्गा प्रकरणमा मुछिएसँगै यो गठबन्धनमा सहभागी हुने इच्छा देखाइरहेका छन् । तर यो दलसँगको नौ सिट जोड्दा जम्मा १२८ सिटमात्र पुग्छ । यसो गर्दा पनि सिट नपुग्ने देखिएपछि माओवादी नेताहरू राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई फकाउने रणनीति बनाउन थालेका छन् । रास्वपासँग २० सिट भएकोले यो जोड्दा १४८ सिट पुग्छ ।

> - माओवादीसँग गठबन्धनको कुराकानी मिलाउन उपसभापति पूर्णबहादुर खड्कालाई जिम्मेवारी
> - सत्ता फेर्न कांग्रेसलाई माओवादीमात्र अपर्याप्त, रास्वपाको साथ अनिवार्य
> - सदनमा लगातार रास्वपा चिढ्याउँदै कांग्रेस, माओवादीले पनि छोड्यो रास्वपाको मुद्दामा साथ

यद्यपि, नेपाली कांग्रेस भने रास्वपालाई भड्काउनतिर लागेको माओवादीका नेताहरू बताउँछन् । मंगलबार कांग्रेसका प्रमुख सचेतक श्याम घिमिरेले रास्वपाका सांसदहरूको नीलो स्कार्फमाथि प्रश्न उठाउँदै संसद्बाटै निष्कासन गर्नुपर्ने बताएका थिए । 'मर्यादित पोसाकमा आउनुपर्ने व्यवस्था गरिएको छ । यो सदनमा केही माननीय सदस्यहरूले केही स्कार्फ लगाएर आउनुभएको छ । यो मर्यादित पोसाकमा भोलि कोही हाफ पाइन्टमा लाएर आउन थाले यसलाई संसद्को मर्यादाभित्र राख्ने कि नराख्ने ?,' घिमिरेले भने ।

यस्तो आक्रामक अभिव्यक्ति राख्ने दलसँग रास्वपाको कार्यगत एकता हुनै नसक्ने रास्वपाका एक पदाधिकारी बताउँछन् । 'कांग्रेस पछिल्लोपटक रास्वपालाई चिढ्याउनतिर लागेको देखिन्छ ।

क्रमशः पृष्ठ ३ मा

# २१ वर्षअघिको घटनाले गुम्यो मनाङेको सांसद पद

### सर्वोच्चको ठहर- सांसद पदमा रहन अयोग्य

■ जेबी योञ्जन

**काठमाडौं–** २१ वर्षअघिको आपराधिक घटनाले दीपक मनाङे भनिने राजीव गुरुङको सांसद पद गुमेको छ । सर्वोच्च अदालतले बुधबार ज्यान मार्ने प्रयास गरेको कसुरमा दोषी ठहरिएका उनी पदमुक्त हुने फैसला गरेको हो । उनी सांसद पदमा रहन अयोग्य रहेको अदालतको ठहर छ । पूर्वमन्त्रीसमेत रहेका मनाङे गण्डकीका सांसद थिए ।

अधिवक्ता वीरेन्द्रराज कार्कीले दायर गरेको रिटमा भने मनाङे निर्वाचित भएकै दिनदेखि पदमुक्त गर्नुपर्ने मागदाबी थियो । सर्वोच्चले भने बुधबारदेखि मात्रै लागू हुनेगरी पदमुक्त हुने ठहर गरेको छ । प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतसहित सपना प्रधान मल्ल, कुमार रेग्मी, हरि फुयाल र डा. कुमार चुडालको संवैधानिक इजलासले यस्तो ठहर गरेको हो । मनाङे पदमुक्त भएसँगै मनाङ प्रदेश (ख)मा उपनिर्वाचन गर्नुपर्ने भएको छ ।

उनी गत वर्षको २७ कात्तिकमा ज्यान मार्ने उद्योगमा तेस्रोपटक कारागार चलान भएका थिए । सोही महिनाको २० गते सर्वोच्चले उच्च अदालत पाटनको पाँच वर्ष कैद सजाय हुने पुरानो फैसला सदर गरेको थियो । सोही फैसलाको आधारमा पक्राउ परेका उनी त्यही दिन कारागार चलान भए । उनलाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)को टोलीले काठमाडौंको सानो भऱ्याङबाट पक्राउ गरेको थियो ।

उनी यसअघि पनि कारागार चलान भएका थिए । त्यस आधारमा पहिले बसेको कैद सजाय कट्टा गर्दा उनले करिब २० महिनामात्रै कारागार




> - तेस्रोपटक गत वर्षको २७ कात्तिकमा पक्राउ र कारागार चलान
> - संवैधानिक इजलासबाट बुधबार मनाङे सांसद पदमा बस्न अयोग्य ठहर
> - २१ वर्षअघि अर्का गुण्डा नाइके चक्रे मिलनको हात काटेको घटनामा दोषी
> - गुण्डागर्दी पृष्ठभूमिबाट राजनीतिमा आएका मनाङे २०७४ यता गण्डकीमा दुईपटक सांसद र छ पटक मन्त्री बने
> - मन्त्री पदमा रहँदा पटक-पटक विवादमा तानिए
> - पछिल्लोपटक भौतिकबाट वनमन्त्री बनाइएपछि रूष्ट उनले मन्त्रालय नै बेच्न राखेको भनेपछि आलोचित
> - स्वतन्त्र सांसद मनाङे नेकपा एकीकृत समाजवादीहुँदै पटक-पटक पार्टी परिवर्तन

बिताउनुपर्ने केन्द्रीय प्रहरी प्रवक्ता विनोद घिमिरेले प्रभावलाई बताए ।

मनाङेको समूहले ०६१ सालमा अर्का डन मिलन चक्रे भनिने मिलन गुरुङलाई तरबार हानेको थियो । यसपछि काठमाडौं जिल्ला अदालतमा मनाङे समूहविरुद्ध ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता भयो । काठमाडौं जिल्ला अदालतले अन्ततः कुटपिटमा मनाङेलाई दुई वर्ष कैद सजाय सुनायो । अन्य आरोपीहरू गणेश लामा, रेवत कार्की, रमेश सुनुवार र उमेश लामाले सफाइ पाए । मनाङेले भने दुई वर्ष कैद भुक्तान गरे ।

तर, जिल्लाको फैसलाप्रति प्रश्न उठाउँदै सरकारी वकिल कार्यालय तत्कालीन पुनरावेदन अदालत (हालको उच्च अदालत) पाटन गयो । पाटन अदालतले भने मनाङेलाई कर्तव्य ज्यान उद्योगमा पाँच वर्ष कैद हुने फैसला सुनाएको थियो । अरुलाई सफाइ दिने जिल्लाको फैसला सदर भयो । जबकि, यसबेला मनाङे मनाङको प्रदेश 'ख'बाट गण्डकी प्रदेश सांसद निर्वाचित भइसकेका थिए ।

निर्वाचित भए पनि ७ माघ २०७४ मा गण्डकी प्रदेशसभाका सबै सांसदले शपथ ग्रहण गर्दा उनले पाएनन् । यसपछि मनाङे २०७५ वैशाखमा उच्च अदालत पाटनमा उपस्थित भएर डिल्लीबजार कारागार चलान भए । त्यसपछि आठ महिना कैद भुक्तान गरे । तर, कानुनतः १० वर्षभन्दा कम जेल सजाय भएको मुद्दामा जेलबाहिर बसेरै पुर्पक्ष गर्न पाइन्छ । कानुनको यही सुविधालाई प्रयोग गरेर उनी थप आठ महिना जेल बसेर रिहा भए । लगत्तै उनी पुनरावेदन अदालतको फैसलाप्रति चित्त नबुझाएर सर्वोच्च गए । सर्वोच्चबाट २० कात्तिकमा उच्च अदालतको फैसला सदर भयो । यससँगै मनाङे तेस्रोपटक जेल पुगे ।

गुण्डागर्दी पृष्ठभूमिबाट राजनीतिमा आएका उनी २०७४ यता गण्डकीमा दुईपटक सांसद र छ पटक मन्त्री बने । तर, २१ वर्ष पुरानो मुद्दाले उनलाई कारागार पुऱ्यायो । सांसद भएदेखि नै उनी विवादमुक्त हुन भने सकेनन् । कास्की जिल्ला फुटबल संघका तत्कालीन अध्यक्ष मिलन गुरुङलाई झापड हानेपछि उनी पक्राउ परे ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

श्रम मन्त्रालयको निर्णय

## इजरायल र इरानमा रहेका नेपालीलाई आवश्यकता अनुसार सहयोग गरिने

■ प्रभाव संवाददाता

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले इजरायल र इरानबीच हाल विकसित परिस्थितिका कारण रोजगारीमा रहेका नेपाली श्रमिकको सुरक्षा र सम्भावित जोखिम न्यूनीकरणका लागि कूटनीतिक नियोगलाई आवश्यक तयारी गर्न परराष्ट्र मन्त्रालयसमक्ष अनुरोध गर्ने निर्णय गरेको छ । श्रम मन्त्रालयका सचिव कृष्णहरि पुस्करको संयोजकत्वमा बुधबार बसेको सरोकारवालाको बैठकले नेपाली नियोगमार्फत इजरायल, इरान र प्रभावित छिमेकी मुलुकमा रहेका नेपाली नागरिकको विवरण अद्यावधिक गर्ने निर्णय गरेको हो ।

बैठकले नेपाली नियोगसँगको समन्वयमा वैदेशिक रोजगारीमा रहेका नागरिकको आवश्यक सुरक्षालाई ध्यान दिई उपयुक्त परामर्श तथा यात्रा सूचना जारी गर्ने निर्णय गरेको मन्त्रालयले जनाएको छ । इजरायल, इरान र प्रभावित छिमेकी मुलुकमा रहेका नेपालीलाई आवश्यकतानुसार राहत, उद्धारदेखि स्वदेश फिर्ता ल्याउनुपर्ने अवस्थाको पनि तयारी र तेस्रो मुलुकको ट्रान्जिट प्रयोग गर्नुपर्ने भएमा छिमेकी देशसँग समन्वय गरी उद्धारका लागि पहल गर्ने बैठकको निर्णय छ ।

बैठकले परराष्ट्र मन्त्रालयको सहसचिवको संयोजकत्वमा रहेको श्रम, आप्रवासन तथा वैदेशिक रोजगार समस्या समाधान कार्यदललाई आपत्कालीन प्रतिकार्य टोलीका रूपमासमेत काम गर्ने गरी परिचालन गर्न सिफारिस गरेको छ ।

क्रमशः पृष्ठ २ मा

### परराष्ट्रले भन्यो- तोकेको समय र स्थानबाहेक बाहिर ननिस्कनू

**काठमाडौं (प्रस)–** परराष्ट्र मन्त्रालयले इजरायल र इरानमा रहेका नेपालीहरूलाई आफ्नो सुरक्षालाई उच्च प्राथमिकता दिन आग्रह गरेको छ । मन्त्रालयले तोकेको समय र स्थानमाबाहेक घर वा बंकर (सेल्टर)बाट बाहिर ननिस्कनसमेत अपिल गरेको छ ।

इजरायल र इरानबीचको द्वन्द्व उत्कर्षमा पुगेपछि परराष्ट्रले बुधबार यात्रासम्बन्धी जानकारी (ट्राभल एडभाइजरी) जारी गर्दै यस्तो आग्रह गरेको हो । 'इजरायल सरकारले जारी गरेका सुरक्षा सतर्कता, यात्रा, आवागमन तथा सुरक्षित स्थानसम्बन्धी सूचना, मापदण्ड तथा जानकारी निरन्तर रूपमा लिन र पालना गर्नू । नेपाली समुदायसँग नियमित सम्पर्कमा रहनू,' मन्त्रालयले भनेको छ ।

नेपाली राजदूतावाससँग नियमित रूपमा सम्पर्कमा रहन तथा परराष्ट्र मन्त्रालय र राजदूतावासले जारी गरेका सूचना तथा यात्रासम्बन्धी जानकारी नियमितरूपमा हेर्न पनि मन्त्रालयले अनुरोध गरेको छ । 'संकट आइपरेमा उद्धार तथा सहायता र ट्र्याकिङ गर्न सहजताका लागि परराष्ट्र मन्त्रालय, कन्सुलर सेवा विभाग र नेपाली राजदूतावास, तेल अभिभको वेबसाइटमा राखिएको अनलाइन लिंकमा रजिस्टर गरी आफ्नो विवरण फाराम यथाशीघ्र भर्नू,' परराष्ट्रले जारी गरेको ट्राभल एड्भाइजरीमा उल्लेख छ ।

क्रमशः पृष्ठ २ मा

## कोरिया जान नपाएका युवाले बुझाए छ बुँदे ध्यानाकर्षणपत्र

### रोस्टरको अवधि एक वर्ष थप्न माग



■ ममता थापा

**काठमाडौं–** सन् २०२३ मा कोरियन भाषा परीक्षा उत्तीर्ण गरेका हुम्लाका राजन रोकाया रोस्टरको अवधि सकिनै लाग्दा चिन्तित देखिन्छन् । उनले रोस्टरबाट कोरिया जान पाउने अवधि आउँदो जनवरीमा सकिँदै छ । 'रोस्टर हेर्दै बस्छु, दुई-दुई महिनामा इस्यु हुन्छ । त्यही हेऱ्यो, बस्यो । अर्को देश जाउँ भन्यो यताको पनि आश छ,' रोकायाले प्रभावसँग भने । मेडिकलको म्याद पनि एक वर्षको मात्र हुने भएकाले दुईपटक मेडिकल गरिसक्दा पनि जान नपाएको उनले सुनाए ।

'भाषा परीक्षा पास गरेको यत्तिका वर्ष भइसक्दा पनि नेपालमै छु, आफन्त, साथीभाइले पास गरेको भनेर पत्याउनै छोडिसके,' मकवानपुर हेटौंडाका प्रदीप भोलन सुनाउँछन्, 'यो छोडेर अन्तै जाउँ भनेर दुईचोटि म्यानपावर पनि गएँ ।' वर्षौं लगाएर भाषा परीक्षा उत्तीर्ण गरेपछि पनि वर्षौंसम्म कुर्दा समयमात्र बर्बाद भएको उनले बताए । तेह्रथुमका सोनामछिरिङ शेर्पा इपिएस र कोरियाले युवाहरूको भविष्यमाथि खेलबाड गरेको बताउँछन् ।

क्रमशः पृष्ठ २ मा

### इपिएस शाखाको जवाफ- एमओयूमै संशोधन गर्नुपर्छ

दक्षिण कोरिया र नेपालबीच भएको सम्झौतामा कति श्रमिक लैजाने, कति समयका लागि रोस्टरमा राख्नेजस्ता विषय समावेश भएकाले आफूहरूले यी विषयहरू अक्षरशः पालना गर्नुपर्ने इपिएसका शाखा अधिकृत कमल श्रेष्ठले बताए । 'यहाँहरूको माग औपचारिक अनौपचारिक छलफलमा बारम्बार भनेका छौं । कोरियाले श्रमिक लाने १७ वटै मुलुकका लागि एउटै नियम छ,' श्रेष्ठले ध्यानाकर्षणपत्र बुझाउन पुगेका युवाहरूलाई भने ।

उनीहरूले बारम्बार उठाएका माग सम्बोधन गर्न एमओयूमा संशोधन गर्न दुई देशका सरकार तयार हुनपर्ने उनको भनाइ छ । 'रोस्टरको अवधि थप्नेजस्ता विषय एमओयूमै संशोधन गर्नुपर्छ, इपिएसलाई दया लाग्यो भन्दैमा फेर्न पाइँदैन । यसका लागि दुवै देशका सरकार तयार हुनुपऱ्यो,' उनले भने ।

क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

## २१ वर्षअघिको...

यद्यपि, सरकार गठनको सन्दर्भमा भने उनी गण्डकी संसद्मा जहिल्यै निर्णायक बने । त्यही भएर पहिलो कार्यकालमै तीनपटक युवा तथा खेलकुदमन्त्री, दोस्रो कार्यकालमा तीनपटक भौतिक पूर्वाधारमन्त्री बने । पछिल्लोपटक गत १७ भदौसम्मै उनी मन्त्री थिए । भौतिकबाट वनमन्त्री बनाइएपछि रुष्ट उनले मन्त्रालय नै बेच्न राखेको भनेपछि निकै आलोचित भए । तर, संकटको बेला साथ दिएको भन्दै मनाङेलाई हटाउन चौतर्फी दबाब बढ्दासमेत मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे तयार थिएनन् । विवादकैबीच मनाङे राजीनामा बुझाएर सत्ताबाहिर गए । यसपछि मुख्यमन्त्री पाण्डेलाई हाइसञ्चो भयो । उनी हाल गण्डकी संसद्मा स्वतन्त्र सांसद हुन् ।

यसअघि उनी नेकपा एकीकृत समाजवादीका सांसद थिए । तर, जतिबेला उनी गुण्डा नाइके भनेर चिनिए, त्यसबेला कांग्रेस थिए । त्यसपछि राराष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) मा लागे । यसरी दलसमेत अदलबदल गरेका मनाङ त्यस्ता प्रदेश सांसद भए, जो गण्डकीमा हालसम्म मुख्यमन्त्री भएका पृथ्वीसुब्बा गुरुङ, कृष्णचन्द्र नेपाली, खगराज अधिकारी र सुरेन्द्रराज पाण्डे गरी चार जनाकै क्याबिनेटमा सहजै मन्त्री बन्ने सौभाग्य पाउनेमा एक्ला सांसद भए ।

उनी राजनीतिका चतुर खेलाडी पनि देखिए । जस्तो, २०७७ मा नेकपा फुटेपछि माओवादी केन्द्रले पृथ्वीसुब्बा गुरुङलाई दिएको समर्थन फिर्ता लियो । गुरुङले १६ वैशाख २०७८ मा सरकार जोगाउन मनाङेलाई युवा तथा खेलकुद मन्त्रालय सुम्पिए । त्यसबेला गुरुङले सामाजिक विकास मन्त्रालय फुटाएर मनाङेलाई खेलकुद मन्त्रालय सुम्पिएका थिए । यद्यपि, नेकपा विभाजनपछि अल्पमतमा परेका गुरुङ राजीनामा दिएर ठूलो दलको हैसियतमा पुनः मुख्यमन्त्री बने । उनले त्यसबेला मनाङेलाई फेरि मौका दिए । पृथ्वीसुब्बाको सरकार ढलेपछि १९ जेठ २०७८ मा कांग्रेसका पोखरेललाई सघाएर पुनः मनाङेले खेलकुद मन्त्रालय हत्याए ।

गण्डकी संसद्को दोस्रो कार्यकालको प्रारम्भमै मन्त्रीको लोभमा एकीकृत समाजवादीमा मनाङे प्रवेश गरे । यसपछि माओवादी केन्द्र, राप्रपा र मनाङेकोसमेत समर्थनमा एमालेका अधिकारी मुख्यमन्त्री चुनिए । तर उनले मनाङेलाई मन्त्री बनाएनन् । माओवादी केन्द्रले अधिकारीलाई दिएको समर्थन फिर्ता लिएर १४ वैशाख २०८० मा कांग्रेसका पाण्डेलाई मुख्यमन्त्रीमा सघायो । केन्द्रमा समीकरण बदलिएपछि ०८० चैतमा पाण्डेको सरकार अल्पमतमा पर्‍यो । पाण्डेले सरकार जोगाउन मनाङेलाई २९ वैशाखमा भौतिक पूर्वाधार मन्त्रालय जिम्मा दिए ।

यसपछि माओवादीले अधिकारीलाई समर्थन गरेपछि उनी पुनः एमाले-माओवादी गठबन्धन सरकारमा भौतिक पूर्वाधार मन्त्रालय नै लिएर सामेल भए । यद्यपि, सर्वोच्चको परमादेशले अधिकारीको मुख्यमन्त्री पद गुम्यो । मनाङेले पुनः पाण्डे नेतृत्वको सरकारमा भौतिक पूर्वाधार मन्त्रालय सम्हाले तर १७ असारमा बनेको कांग्रेस-एमालेको सत्ता समीकरणले अन्ततः वन मन्त्रालय पाउँदा असन्तुष्ट मनाङे राजीनामा दिँदै त्यसयता सत्ताबाहिर बसे । अन्ततः २७ कात्तिकमा पक्राउ परेको मनाङेको सांसद पद बुधबार नै गुम्यो ।

■■■

## इजरायल र इरानमा ....

सम्बन्धित देशमा रहेका नेपाली नागरिकको सुरक्षा र सहयोगका लागि सुरक्षा कूटनीतिमार्फत आवश्यक पहल गर्न सम्बन्धित निकायलाई अनुरोध गर्ने, वैदेशिक रोजगारीमा इजरायल, इरान र प्रभावित छिमेकी मुलुकमा जाने नेपालीलाई हवाई टिकट सार्नुपर्ने अवस्थामा सोबापत लाग्ने थप शुल्क छुटको व्यवस्था मिलाउन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग अनुरोध गर्ने निर्णय गरेको छ ।

बैठकले श्रम स्वीकृति लिई हाल वैदेशिक रोजगारीमा इजरायल, इरान र अन्य प्रभावित छिमेकी मुलुकमा रहेका नेपाली नागरिकको तथ्यांक तयार गरी मन्त्रालयमा पेस गर्न निर्देशन दिएको सचिव पुस्करले जानकारी दिए । बैठकले इजरायल, इरान तथा प्रभावित छिमेकी मुलुकमा रहेका नेपाली नागरिकका लागि मानसिक स्वास्थ्यसम्बन्धी परामर्श सेवा प्रदान गर्न 'भर्चुअल' तथा 'टेलिमेडिसिन' सेवालाई विस्तार र तत्काल उद्धार गर्नुपर्ने अवस्थामा तयारी गर्न वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्ड र सामाजिक सुरक्षा कोषलाई निर्देशन दिएको छ ।

मन्त्रालयले सम्बन्धित देश तथा नेपाल सरकारले जारी गरेका सूचनाअनुसार आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको छ । बैठकमा संसदीय समितिका सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, परराष्ट्र र गृह मन्त्रालय, अध्यागमन र वैदेशिक रोजगार विभाग, निजी क्षेत्रका छाता संगठनको प्रतिनिधि सहभागी थिए ।

■■■

## कोरिया जान ...

जतिचोटि कुरा राख्दा पनि सुनुवाइ नभएको उनले बताए । 'कोरियामा श्रमिकको अभाव भएजसरी त्यत्रो पास गराएको छ । लानेबेलामा सबै होल्ड भएका छन्, कि इपिएस खारेज गरियोस् कि लग्ने सुनिश्चित हुनुपर्‍यो,' शेर्पाले भने । बुधबार वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखामा पुगेका युवाहरूको पीडा हो यो । उनीहरू सन् २०२२ को थप कोटा अन्तर्गत २०२३ मा कृषि तथा पशुपालनतर्फको भाषा परीक्षामा उत्तीर्ण भएकाहरू हुन् । रोस्टरमा नाम चढेर त्यसको म्याद सकिन थोरै समय बाँकी हुँदासमेत कोरिया जाने अत्तोपत्तो नभएपछि उनीहरूले बुधबार ग्वार्कोस्थित इपिएस शाखा र एचआरडी कोरियामा छ बुँदे ध्यानाकर्षणपत्र बुझाएका छन् । उनीहरूको म्याद आउँदो जनवरीमा सकिँदै छ ।

भाषा परीक्षा उत्तीर्ण गरेको वर्षौंसम्म पनि जान नपाउँदा आफूहरू मानसिक समस्या परेकोदेखि घर जानसमेत अप्ठ्यारो भएको पीडा युवाहरूले इपिएस शाखाका निर्देशक राजकुमार राईलाई भेटेर सुनाएका थिए । उनीहरूले सन् २०२२/२३ मा कृषितर्फ उत्तीर्ण भएका ९० प्रतिशत श्रमिक नलगेसम्म नयाँ भाषा परीक्षा खुलाउन नपाउने, २०२२ को थप कोटामा उत्तीर्ण भएकाहरूको समय, स्वास्थ्य र धनको क्षति भएको हुँदा रोस्टर अवधि एक वर्ष थप्नुपर्ने, दुई वर्षसम्म पनि कम्पनीमा एकपटक पनि फाइल नपुग्नुको कारण प्रस्टयाउनुपर्ने, आवश्यकताभन्दा तीन गुणा बढी परीक्षार्थी उत्तीर्ण गराउने नियम संशोधन गरिनुपर्नेलगायत माग राखेका छन् । साथै, उनीहरूले सम्बन्धित निकायले सात दिनभित्र सञ्चारमाध्यम राखेर पत्रको प्रस्टीकरण दिनुपर्ने अन्यथा चरणबद्ध आन्दोलनमा जाने चेतावनी दिएका छन् ।

■■■

## इपिएस शाखाको ...

शाखाको काम परीक्षार्थी र माथिल्लो निकायबीच समन्वय गर्नेमात्र भएको श्रेष्ठको भनाइ थियो । इपिएस शाखाका अनुसार सन् २०२३ को थप कोटामा आठ हजार ३०० हाराहारी परीक्षार्थी सफल भएकामा छ हजार ३७८ जना रोस्टरमै छन् । श्रमिक लग्ने प्रक्रिया अत्यन्तै सुस्त हुँदा युवाहरूले दुःख पाएको विषयमा आफूहरू गम्भीर भए पनि सबैजसो प्रक्रिया कोरियाबाटै हुने भएकाले आफूहरूले केही गर्न नसकेको शाखाका निर्देशक राजकुमार राईले बताए ।

परीक्षार्थीहरूका मागका विषयमा आफूहरूले पटक-पटक लेखेर पठाए पनि कुनै प्रतिक्रिया नआएको उनको भनाइ थियो । पीडितको माग तत्कालै माथिल्लो तहमा पुर्‍याइदिने भन्दै निर्देशक राईले उनीहरूकै अगाडि नेपालस्थित कोरियाको एचआरडी, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग र जिल्ला प्रशासन कार्यालयलाई ध्यानाकर्षणपत्रको सम्बोधन गरिदिन भन्दै पत्र पठाएका थिए ।

■■■

## परराष्ट्रले भन्यो...

यसैगरी इजरायल र इरानको भ्रमण वा वैदेशिक रोजगारी वा अन्य प्रयोजनका लागि जाने तयारी गरिरहेका नेपाली नागरिकहरूलाई हालको जटिल परिस्थिति कायम रहेसम्म त्यस्ता भ्रमण तथा यात्रा नगर्न परराष्ट्रले आग्रह गरेको छ । इजरायल र इरानबाहेक मध्यपूर्वका अन्य मुलुकको भ्रमण वा वैदेशिक रोजगारी वा अन्य प्रयोजनका लागि जाने तयारी गरिरहेका नेपाली नागरिकहरूलाई पनि हालको जटिल परिस्थिति कायम रहेसम्म त्यस्ता भ्रमण तथा यात्रालाई स्थगित गर्न भनेको छ ।

'इजरायल र इरानबीच विकसित घटनाक्रमलाई नेपाल सरकारले नजिकबाट नियालिरहेको, त्यहाँ रहनुभएका नेपाली नागरिकहरू हालसम्म सुरक्षित रहनुभएको र निजहरूको हितको रक्षा गर्न आवश्यकता अनुसार उपयुक्त कदम चालिने व्यहोरासमेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ,' मन्त्रालयले भनेको छ ।

स्वेच्छाले नेपाल फर्कन चाहने नेपाली नागरिकहरूका लागि हाल इजरायल र इरानको हवाइमार्ग बन्द रहेका कारण तेस्रो मुलुकहुँदै नेपाल फर्कनु परेमा तेस्रो मुलुकको ट्राञ्जिट भिसा लिनुपर्ने अवस्था आउन सक्ने भएकोले यसका लागि सहजीकरण गर्न आवश्यक पहल गरिनेसमेत मन्त्रालयले जनाएको छ ।


**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

दोस्रो पटक प्रकाशित मितिः २०८२/०३/०५

यस कम्पनीको मिति २०८२/०२/०७ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **डंगोल रेमिट**को नाममा रहेको सम्पूर्ण चलअचल, श्रीसम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **साम्पाङ ट्रेड लिंक** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०२/२६ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **साम्पाङ ट्रेड लिंक (प्रा.लि.नं. ६८७५९)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७९/०५/०२ मा दर्ता भएको **प्रा.लि.नं. २९६७६७** को **सर्वदा फुड प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०२/२७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**PUBLIC NOTICE**

I, **Shrimanta Pramanik** [TGC1896562], S/O Madhu Pramanik and Purnima Pramanik, and **Kabita Nagarkoti** [1036/106690], D/O Thulobabu Nagarkoti and Kanchi Nagarkoti, both originally from Ghorui, Rang, Das, Pramanik and Mallick Para, Marokhana, Arambagh, Hooghly, West Bengal, and currently residing at Gairigaun, Thulobharyang, Nagarjun-02, Kathmandu, hereby declare that we got married on 22/01/2022 at Jaleshowr Shiva Mandir, Tindhara, Gairigaun, Nagarjun-03, Kathmandu, as per Indian traditions.

Since then, we have been living together as husband and wife. This notice is being published for the purpose of registering our marriage with the Embassy of India, Kathmandu, Nepal.

Anyone having any objection to our marriage may contact us at +977-9851107021 or reach out to the Embassy of India, Kathmandu at cons.kathmandu@mea.gov.in.

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७६/०५/०१ मा दर्ता भएको **प्रा.लि.नं. २२१६२४** को **सिराई चुली इन्टरप्राइजेज प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०३/०३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**कान्ति बाल अस्पताल**
**महाराजगञ्ज, काठमाण्डौं ।**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना ।**

**प्रकाशित मिति २०८२।०३।४**

यस अस्पतालको तपशिलमा उल्लेखित कार्यको लागि मिति २०८१।१२।०६ गतेको राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हानको सूचना बमोजिम म्यादभित्र रीतपूर्वक पेश हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्ताव खोली मूल्याङ्कन समितिले मूल्याङ्कन गर्दा निम्न बोलपत्रदाताहरु सूचना तथा बोलपत्रमा उल्लेख भएका योग्यताको आधारमा सफल भई सारभूतमा प्रभावग्राही भएको पाइएको हुँदा सार्वजानिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ३१ ज को उपनियम (५) बमोजिम निम्न बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव मिति २०८२।३।१२ गते दिनको १।०० बजे यस अस्पतालमा खोलिने भएकोले सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं | बोलपत्र र कार्य बिवरण | बोलपत्रदाताको नाम |
|---|---|---|
| १ | KCH/NCB/081/082/11 Lab package 1 | Sero dignostic Traders Nepal Pvt.Ltd |
| २ | KCH/NCB/081/082/13 Lab package 3 | Sero Lab Nepal Traders pvt.Ltd. |
| ३ | KCH/NCB/081/082/14 Lab package 4 | Nepal Meditech & Surgitech |
| ४ | KCH/NCB/081/082/16 Lab package 6 | Nepal Meditech & Surgitech |

**कुवेतमा रोजगार** कम्पनी : Sak Construction Company For General Trading And Contracting — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०२/२९ — LT. No. 325498 — चलानी नं.६०२३९४२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | AC Technicians | 10 | 0 | 130 | ५८,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 25 | 0 | 130 | ५८,६५५ | | | | | | | |
| 3 | Draftsman - Civil | 10 | 0 | 250 | ११२,८०० | | | | | | | |
| 4 | Electrician | 5 | 0 | 130 | ५८,६५५ | | | | | | | |
| 5 | FOREMAN PLASTER MASON | 1 | 0 | 250 | ११२,८०० | | | | | | | |
| 6 | Helper | 50 | 0 | 100 | ४५,१२० | | | | | | | |
| 7 | Mason | 25 | 0 | 130 | ५८,६५५ | | | | | | | |
| 8 | Steel Fixer | 25 | 0 | 130 | ५८,६५५ | | | | | | | |
| 9 | Steel Fixer Supervisors | 1 | 0 | 250 | ११२,८०० | | | | | | | |
| 10 | Supervisor-Shuttering | 1 | 0 | 250 | ११२,८०० | | | | | | | |
| 11 | Tiles Mason | 25 | 0 | 130 | ५८,६५५ | | | | | | | |
| 12 | Tower Crane Electricians | 10 | 0 | 250 | ११२,८०० | | | | | | | |
| 13 | Tower Crane Operator | 10 | 0 | 250 | ११२,८०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः राम जानकी ट्रेनिङ सेन्टर, जनकपुरधाम ७ मा मितिः २०८२ असार १२ गते (26th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | कामदार आफैं |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FEWA OVERSEAS PVT. LTD
1559/079/80
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530, 9808655324, 9813432386, 9827644060, Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

बिहीबार, ०५ असार, २०८२

- **मेष** समाजिक जिम्मेवारी उपलब्ध हुनेछ ।
- **वृष** सानोतिनो समस्याले अल्झाउन सक्छ ।
- **मिथुन** प्रियजनसँग रमाइलो भेटघाट हुनेछ ।
- **कर्कट** मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला ।
- **सिंह** काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ ।
- **कन्या** विवादास्पद कामको जिम्मेवारी आउनेछ ।
- **तुला** सोचेको उपलब्धि तत्काल प्राप्त नहुने ।
- **वृश्चिक** सम्भावना देखिए पनि समयमा काम नहुने।
- **धनु** कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ।
- **मकर** नयाँ कामको अवसर प्राप्त हुनसक्छ ।
- **कुम्भ** सुखद समाचारले उत्साह जगाउनेछ ।
- **मीन** रोकिएका काम सम्पादन हुनेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डाँछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०५ असार , २०८२ (१९ जुन, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३७.६९ | १३८.२९ |
| युरो | १ को | १५९.२९ | १५९.९९ |
| पाउन्ड स्टर्लिङ | १ को | १८६.७५ | १८७.५६ |
| स्विस फ्रेन्क | १ को | १६९.४६ | १७०.२० |
| अस्ट्रेलियन डलर | १ को | ९०.०२ | ९०.४१ |
| क्यानाडियन डलर | १ को | १०१.५२ | १०१.९६ |
| सिङ्गापुर डलर | १ को | १०७.४८ | १०७.९५ |
| जापानी येन | १० को | ९.५२ | ९.५६ |
| चिनियाँ युआन | १ को | १९.१७ | १९.२५ |
| साउदी अरब रियाल | १ को | ३६.७० | ३६.८६ |
| कतारी रियाल | १ को | ३७.७८ | ३७.९४ |
| थाई भाट | ख १ को | ४.२३ | ४.२५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.४९ | ३७.६५ |
| मलेसियन रिङ्गेट | १ को | ३२.४३ | ३२.५७ |
| दक्षिण कोरियन वन | १०० को | १०.०९ | १०.१३ |
| स्विडिस क्रोनर | १ को | १४.५७ | १४.६३ |
| डेनिस क्रोनर | १ को | २१.३६ | २१.४५ |
| हङकङ डलर | १ को | १७.५४ | १७.६२ |
| कुवेती दिनार | १ को | ४४९.८२ | ४५१.७८ |
| बहराइन दिनार | १ को | ३६५.१८ | ३६६.७७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# महानगर प्रहरी प्रमुख पाण्डेलाई निलम्बन नगर्न अन्तरिम आदेश



**काठमाडौं (प्रस)–** उच्च अदालत पाटनले काठमाडौं महानगरपालिकाका नगर प्रहरी प्रमुख राजुनाथ पाण्डेको निलम्बन कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको छ ।

उच्च अदालतका न्यायाधीश ऋषि राजभण्डारी र डिल्लीरत्न श्रेष्ठको संयुक्त इजलासले बुधबार पाण्डेको निलम्बन कार्यान्वयन नगर्न र कामकाज नियमित गर्न दिन अन्तरिम आदेश दिएको अदालतकी सूचना अधिकारी पार्वती हितानले जानकारी दिइन् ।

महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंले पाण्डेलाई जेठ २० गते छ महिनाका लागि निलम्बन गरेका थिए । उक्त निलम्बनविरुद्ध पाण्डेले गत बिहीबार उच्च अदालतमा उत्प्रेषणको रिट दायर गरेका थिए । दुवै पक्षको सुनुवाइपछि अदालतले तत्काल निलम्बन नगर्न काठमाडौं महानगरको नाममा आदेश दिएको हो ।

अदालतले निवेदनको टुंगो नलागेसम्म पाण्डेलाई पदमा रही कामकाज गर्न दिन उच्च अदालतले अन्तरिम आदेशमा भनेको छ । 'काठमाडौं महानगरपालिका, महानगर प्रहरी बलको वरिष्ठ नगर प्रहरी उपरीक्षक पदमा कार्यरत रहेकोमा निजको पदीय जिम्मेवारी महानगरपालिकाको सुरक्षा व्यवस्थाको प्रबन्ध गर्नेसमेत रहेको देखिन्छ,' आदेशमा भनिएको छ ।

उक्त आदेशसँगै अब मुद्दा टुंगो नलागेसम्म पाण्डे नगर प्रहरी प्रमुखको जिम्मेवारीमा फर्कने भएका छन् । काठमाडौं टावरको नक्सा पासको विषयलाई लिएर महानगर प्रमुख बालेन्द्र साह (बालेन) ले प्रमुख प्रशासकीय अधिकृत गुरागाईंलाई नियमित काम गर्नबाट रोक लगाएका थिए । तर, उपप्रमुख सुनिता डंगोलसहित वडाध्यक्षहरूको जोडबलमा गुरागाईं कार्यालय प्रवेश गरेका थिए । त्यतिबेला पाण्डे नेतृत्वको महानगर प्रहरीले गुरागाईंलाई कार्यालय प्रवेशमा अवरोध गरेको थियो । त्यसै विषयमा गुरागाईंले पाण्डेसँग स्पष्टीकरण सोधेका थिए।र, स्पष्टीकरण चित्तबुझ्दो नभएको भन्दै छ महिनाका लागि निलम्बन गरिदिएका थिए । अदालतको आदेशबाट पाण्डेको पद जोगिएसँगै नगरप्रमुख साहलाई पनि राहत मिलेको छ । पाण्डेलाईसाहकाविश्वासपात्रका रूपमा लिइन्छ ।

# द्रुतमार्गको सुरु बिन्दु डुकुछापमा स्थानान्तरण गर्न सुझाव



**काठमाडौं (प्रस)–** आदिवासी जनजाति आयोगले काठमाडौं-तराई/मधेस द्रूतमार्ग सडक आयोजनाको सुरु बिन्दुलाई ललितपुरको गोदावरी नगरपालिका-८ स्थित डुकुछापमा स्थानान्तरण गर्न सुझाव दिएको छ । आयोगले बुधबार प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष उक्त सुझावसहितको अध्ययन प्रतिवेदन हस्तान्तरण गरेको हो ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोगका अध्यक्ष रामबहादुर थापामगरले उक्त प्रतिवेदन प्रधानमन्त्री ओलीलाई हस्तान्तरण गरे । प्रतिवेदनमा उक्त आयोजनाको हालको प्रवेश विन्दु ललितपुर महानगरपालिका-२१ को खोकनाको फुडोलमा कायम हुँदा आदिवासी नेवार समुदायको विस्थापनको जोखिम निम्त्याएको तथा स्थानीयवासीको मानवअधिकारको उल्लंघन भएको र बागमती नदी सफाइ सुधार आयोजनाको कार्यान्वयनबारे संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयअन्तर्गतको कार्य समूह र विशेष र्‍यापोर्टरबाट व्यक्त चासोका सम्बन्धमा नेपाल सरकारले पठाउनुपर्ने जवाफको कार्यमा सघाउन आयोगले सो प्रतिवेदन दिएको हो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मानवअधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखाले आयोगलाई सुझाव प्रतिवेदन दिन आग्रह गरेको थियो । प्रतिवेदनमा खोकना क्षेत्र नेवार समुदायको धार्मिक तथा सांस्कृतिक सम्पदा रहेकोले डुकुछापमा स्थानान्तरण गर्न उपयुक्त हुने उल्लेख गरिएको छ । साथै नेपाल सरकारले यस्ता आयोजाना सञ्चालन गर्दा स्थानीय आदिवासी जनजाति समुदायसँग पूर्वसुसूचित स्वतन्त्र सहमति लिन सुझाव दिइएको छ ।

# चीनले दियो बाढी आउन सक्ने चेतावनी

**काठमाडौं (प्रस)-** चिनियाँ प्रहरीले सिन्धुपाल्चोक प्रशासनलाई भोटेकोशी नदी भई बग्ने तिब्बत् क्षेत्रमा अत्यधिक वर्षा हुनसक्ने भन्दै सुरक्षित रहन आग्रह गरेको छ ।

असार ७ गतेसम्म अत्यधिक वर्षा हुने र बाढी आउन सक्ने सम्भावना रहेको भन्दै चिनियाँ प्रहरीले सिन्धुपाल्चोक जिल्ला प्रशासन कार्यालयलाई जानकारी दिएको हो । भोटेकोशी नदी भई बग्ने तिब्बत् क्षेत्रमा अत्यधिक वर्षा हुनसक्ने आकलन गरिएको छ । चिनियाँ प्रहरीले जानकारीपछि प्रशासन कार्यालयले त्यस क्षेत्रमा बस्ने स्थानीयवासीलाई सतर्कता अपनाउन आग्रह गरेको सहायक प्रमुख जिल्ला अधिकारी गणेश नेपालीले बताए ।

उनका अनुसार भोटेकोशी र सुनकोशी नदी आसपास (भोटेकोशी गाउँपालिका, बाह्रबिसे नगरपालिका, त्रिपुरासुन्दरी गाउँपालिका, सुनकोशी गाउँपालिका, बलेफी गाउँपालिका र चौतारा साँगाचोकगढी नगरपालिकाको भोटेकोशी/सुनकोशी नदी आसपास) क्षेत्रमा जोखिम हुनसक्ने छ ।

'यही असार ३ गते देखि ७ गतेसम्म छिमेकी राष्ट्र चीनको भोटेकोशी नदी भई बग्ने तिब्बत् क्षेत्रमा अत्यधिक वर्षा हुनसक्ने सम्भावना रहेको भनी चीनको प्रहरी कार्यालयबाट सूचना प्राप्त भएको छ,' प्रशासन कार्यालयले जारी गरेको सूचनामा भनिएको छ, 'भोटेकोशी र सुनकोशी नदी आसपास (भोटेकोशी गाउँपालिका, बाह्रबिसे नगरपालिका, त्रिपुरासुन्दरी गाउँपालिका, सुनकोशी गाउँपालिका, बलेफी गाउँपालिका र चौतारा साँगाचोकगढी नगरपालिकाको भोटेकोशी/सुनकोशी नदी आसपास) क्षेत्रमा जोखिम हुनसक्ने भएकोले नदी आसपास क्षेत्रमा बसोबास गर्नुहुने महानुभावहरूमा सतर्कता अपनाउन अनुरोध छ ।'


## कुवेतमा रोजगार

कम्पनी : LULU CENTER HYPER MARKET

पूर्व स्वीकृति मिति : २०८२/03/03 | LT. No. 325736 | चलानी नं. ६०२३९७४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker/Packer | 35 | 0 | 110 | ४९,५१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १२ गते (26th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JOB SEEKER MANPOWER Pvt. Ltd.
Gongabu-9, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356,
E-mail : info@jobseekermanpower.com.np, Website :www.jobseekermanpower.com.np
श्रम इजाजत नं. २३५/०५८/०५९

## जापानमा रोजगार

कम्पनी : COOPERATIVE MIRAI

पूर्व स्वीकृति मिति : २०८२/03/03 | LT. No. 325757 | चलानी नं. ६०२३९७७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ROOFING | 2 | 0 | 180000 | १७१,७४० | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रा.लि.को कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्च: ५०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका: अन्तर्वार्ता, स्थान: प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मिति: पछि प्रकाशित गरिनेछ ।

**नोट:** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्य: यस विषयमा थप केही कुरा बुझ्नु परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २४ गते (7th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ५०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np
1610/079/80

## युएइमा रोजगार

कम्पनी : GHANI GHANI TECHNICAL SERVICES CO.

पूर्व स्वीकृति मिति : २०८१/०५/२६ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/03/04 | LT. No. 310588 | चलानी नं. ६०२२५२०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper 1 | 15 | 0 | 1000 | ३७,५३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १२ गते (26th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १५७१/०७९/०८०
SPACE HR SOLUTIONS PVT.LTD
Sukhedhara 4, Kathmandu; Tel: 01-5925496, Whatsapp No.: 9841607558
E-mail: info@spacehrsolution.com, Web: www.spacehrsolution.com

## युएइमा रोजगार

कम्पनी : HOORE AIN TECHNICAL SERVICES CO. L.L.C S.O.C

पूर्व स्वीकृति मिति : २०८२/03/04 | LT. No. 325812 | चलानी नं. ६०२३९७४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 13 | 0 | 900 | ३३,७८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १२ गते (26th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MAHAD INTERNATIONAL MANPOWER
Sinamangal, Kathmandu, Nepal, Tel No: +977-15924781/15923782
Email Id: info@mahadintlmanpower.com.np, Web: www.mahadintlmanpower.com.np
LIC NO. 1718/081/082

## कुवेतमा रोजगार

कम्पनी : GISSAH FOR PERFUMES, TEEB, AND OUD COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०२/३० | LT. No. 325436 | चलानी नं. ६०२३९४१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Helpers | 10 | 10 | 150 | ६७,५१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL-ESSA AND HADDAD COMPANY FOR TRADE & DECORATION WORKS / JAMAL KAMEL DAOUD NOMAN & HIS PARTNER

पूर्व स्वीकृति मिति : २०८२/०२/२२ | LT. No. 325281 | चलानी नं. ६०२३९२४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aluminium Fitter | 10 | 0 | 125 | ५६,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 10 | 0 | 85 | ३८,२५७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १२ गते (26th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1613/079/080
EXPRESS RECRUITER NEPAL PVT. LTD
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## युएइमा रोजगार

कम्पनी : STARGATE BUILDING SOLUTION L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०८/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/04 | LT. No. 314658 | चलानी नं. ६०२२९००७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 100 | 0 | 1000 | ३७,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : STARGATE BUILDING SOLUTION L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१०/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/04 | LT. No. 318599 | चलानी नं. ६०२३२८०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 0 | 49 | 1000 | ३७,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: होटल, सिराइचुली-१, भरतपुर, चितवनमा मिति: २०८२ असार ५ गते (19th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OCTOPUS RECRUITMENT PVT.LTD
Buddha Nagar, New Baneshwor, Kathmandu, Nepal, Tel : 1-4790666/ 01-4790655,
Email: octopusre@gmail.comWeb: www.octopusrecruitment.com
श्रम इजाजत नं. ९७५/०६७/०६८

## पृष्ठ १ बाट क्रमश:

## कांग्रेस...

यसरी त मिल्ने कुरा हुनै सक्दैन,' रास्वपाका ती पदाधिकारीले भने । यसो त सोमबारको बैठकमा पनि कांग्रेसले रास्वपालाई चिढ्याएको थियो । भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखकको राजीनामा माग्दै सदन अवरोध जारी राखेपछि कांग्रेस सचेतक सुशीला थिङ रास्वपामाथि खनिएकी थिइन् ।

'आपत्तिजनक शब्दहरू यहाँ मानव तस्करीको कुराहरू उठ्यो । बोल्ने वक्ताले बोलिरहेको बेलामा अवरोध गर्ने कुराहरू उठ्यो । मानव तस्करी भनेर कसलाई भन्न खोजेको हो ? परिभाषित गर्न सक्नुहुन्छ ?,' थिङले प्रश्न गरेकी थिइन् । उनले नियमापत्तिमै थपिन्, 'पाँच/पाँच जनालाई व्यक्तिलाई हस्ताक्षर गरेर विदेश पठाएको तस्करी हो कि कुन विषयको मानव तस्करी हो ?' एक वर्ष अगाडि उपसभामुख इन्दिरा रानामगरले हस्ताक्षर गरी विदेशमा कार्यक्रममा पठाएको पत्र सार्वजनिक भएको थियो ।

आइतबारमात्र कांग्रेस सांसद नगिना यादवले रास्वपामाथि रोष पोखेकी थिइन् । पाँच जिल्लामा सहकारी ठगीको मुद्दा खेपेको व्यक्तिलाई पार्टी सभापति मानेको रास्वपाले गृहमन्त्रीको राजीनामा माग्नु आपत्तिको विषय भएको उनको दाबी थियो । 'रास्वपा सभापतिको पाँच जिल्लामा सहकारी ठगीको मुद्दा विचाराधीन छ । सहकारी ठगी, सम्पत्ति शुद्धीकरण र संगठित अपराधको मुद्दा चलेको छ,' सांसद यादवले भनिन्, 'सहकारीमात्र होइन नागरिकता र पासपोर्ट काण्डमा उहाँको पद नै गएको थियो । काण्डै काण्डले भरिएका यस्ता गन्हाउने व्यक्तिको नेतृत्वमा बस्ने यी सांसदले नैतिकताको पाठ कसलाई पढाउने ?'

यसले पछिल्लो वातावरण बिगार्दै लगेको रास्वपाका नेताहरूको दाबी छ । यसो त भिजिट भिसा प्रकरणमा जसरी पनि गृहमन्त्रीको राजीनामा आउने वातावरण बनाउँछु भनेर प्रतिपक्षीलाई उचालेको माओवादी केन्द्रसमेत यो मुद्दाबाट 'ब्याक' भइसकेको छ । जेठ १३ गते चितवन पुगेर माओवादी अध्यक्ष पुष्पकमल दाहालले यस्तो अभिव्यक्ति दिएका थिए । तर आइतबारमात्र दाहालको दल माओवादीले यो मुद्दा छाडेर आफूहरूले सत्तापक्षको जस्तै व्यवहार प्रदर्शन गरेको बताए । यसकारण कांग्रेससँगमात्र नभएर माओवादीसँग पनि रास्वपा टाढिएको नेताहरू बताउँछन् ।


नेपाल सरकार
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**सडक डिभिजन, जनकपुर**
**मुजेलिया, धनुषा**

## शाखा सडकको कारण मूल-सडकमा सिंजना हुन् सक्ने जोखिम न्यूनीकरणका उपायहरू सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति: २०८२/०३/०५)**

सामरिक महत्वका सडक (मूल सडक) सँग जोडिएर निर्माण हुने प्रादेशिक, स्थानीय सडक (शाखा सडक) को कारण दुर्घटनाको जोखिम बढेको र उक्त शाखा सडकहरूको अब्यवस्थाको कारण मूल सडकको मर्मत सम्भारको लागत समेत बढेकोले, शाखा सडकको कारण मूल सडकमा सिर्जना हुन् सक्ने जोखिम न्यूनीकरणको लागि ROADSIDE SLOPE MANAGEMENT अन्तर्गत निम्न अनुसारको उपायहरु अविलम्बन गर्न जरूरी देखिएकोले सूचना प्रकाशन गरिएको छ ।

१. मूल-सडक र शाखा सडकको JUNCTION मा RCC COVERED DRAIN निर्माण गर्न उपयुक्त हुने ।
२. शाखा सडकबाट COLLECT हुने DRAIN WATER (ढल) को आबश्यक ब्यबस्थापन गर्नुपर्ने ।
३. मूल-सडक र शाखा सडकको JUNCTION मा टेवा पर्खाल आबश्यक भए, सोको निर्माण गर्न उपयुक्त हुने ।
४. PAVED मूल-सडकको हकमा, जोडिएका शाखा सडकको न्यूनतम् ५० मि. सम्म PAVING गर्न उपयुक्त हुने ।
५. शाखा सडकको DISPOSED SOIL, मूल सडकमा DEBRIES को रूपमा आउन सक्ने जोखिम भएको भए, UP-HILL मा GABION CATCH निर्माण गर्न उपयुक्त हुने ।
६. जोखिम न्यूनीकरणको कार्य गर्दा PLANNINGSTAGE मा स्थानीय र स्थानीय निकाय सँग समन्वय गर्नुपर्ने ।
७. JUNCTIONमा अनिवार्य JUNCTION को TRAFFIC SIGN POST राख्न हुनुपर्ने ।
८. सार्बजनिक सडक ऐन २०३१ को दफा १९.१ को प्राबधान अनुसार, नयाँ शाखा सडक निर्माणका लागि स्वीकृत लिनु पर्ने प्रबधानको पालन गर्नुपर्ने ।
९. नयाँ शाखा सडक निर्माणको सकभर प्रथम १०० मि. सम्म ४-५% ग्रेड कायम गराउन उपयुक्त हुनेछ ।

**"समृद्ध सडक, समृद्ध समाज"**

● सडक सुरक्षित बनाऔं, दिगो विकासका पाइला चालौं । ● "सुदृढ सडक पूर्वाधार: समृद्ध राष्ट्रको आधार" "सडक विकासमार्फत राष्ट्र निर्माणमा योगदान गरौं ।" ● "सडक तपाईंको यात्राको बाटो हो, जीवनको अन्त्य होइन । सुरक्षित यात्रा गर्नुहोस" ● "छिटो जानु होइन, सुरक्षित पुग्नु महत्वपूर्ण हो । ट्राफिक नियम पालना गरौं।" ● "जहाँ राम्रो सडक पुग्छ, त्यहाँ विकास आफैं पुग्छ।" ● "सडक विकास भनेको जनजीवनमा उज्यालो ल्याउनु हो।" ● "गुणस्तरीय सडक निर्माण, पारदर्शिता र जनसहभागितामार्फत उत्तरदायी सेवा प्रवाह हाम्रो प्रतिबद्धता हो।" ● हेल्मेट र सिट बेल्ट अनिवार्य बनाऔं । ● मदिरा सेवनपछि सवारी नचलाऔं -एक क्षणको गल्तीले सधैंको पछुतो निम्त्याउँछ । ● सडक मर्मत तथा निर्माण स्थलमा सतर्कता अपनाऔं -संकेतहरु अवश्य पालना गरौं । ● "सडक सुरक्षामा साथ दिऔं, समृद्ध नेपाल निर्माणमा हातेमालो गरौं।"

**सडक डिभिजन, जनकपुर**



## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२ साल असार महिना ५ गते विहीबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरु बाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**१) शाखा कार्यालय : नेपालगंज शाखा** — **कर्जा शिर्षक : व्यक्तिगत आवधिक कर्जा**

**ऋणीको विवरण**

लाल बीर सुनारको नाति हिरामणि सुनार चित्रकारको छोरा सुर्खेत जिल्ला राकम वडा नं. ६ हाल, सिम्ता गा.पा. वडा नं. ४ बस्ने **चेवन चित्रकार** (ना.प्र.नं. : २१३८७ जारी मिति र जिल्ला : २०५१/०४/२३, सुर्खेत)

**व्यक्तिगत धनजमानीकर्ताको विवरण**

हर्क बहादुर कामीको छोरी हिरामणि सुनार चित्रकारको बुहारी चेवन चित्रकारको पत्नी सुर्खेत जिल्ला राकम गा.वि.स. वडा नं. ४ हाल, सिम्ता गा.पा. वडा नं. ४ बस्ने **दुर्गा कुमारी चित्रकार** (ना.प्र.नं. : ७२८७२ जारी मिति र जिल्ला : २०६२/०४/३१, सुर्खेत)

**२) शाखा कार्यालय : कोटिहवा शाखा** — **कर्जा शीर्षक : घरघडेरी कर्जा**

**ऋणीको विवरण**

सुन्दर यादवको नाति गणेश प्रसाद यादवको छोरा रुपन्देही जिल्ला मधवलिया वडा नं. ६ हाल, ओमसतिया गा.पा. वडा नं. ३ बस्ने **कृष्ण कुमार यादव** (ना.प्र.नं. : १२/२२३ जारी मिति र जिल्ला : २०४५/०१/१०, रुपन्देही)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) हजारी प्रसाध यादवको छोरी गणेश प्रसाद यादवको बुहारी कृष्ण कुमार यादवको पत्नी रुपन्देही जिल्ला ओमसतिया गा.पा वडा नं. ३ बस्ने **प्रमिला यादव** (ना.प्र.नं. : ३७-०१-७४-१२४८६ जारी मिति र जिल्ला : २०७४/०७/२६, रुपन्देही)

२) भुवर यादवको नाति दयाराम यादवको छोरा रुपन्देही जिल्ला पडसरी वडा नं. ९ हाल, ओमसतिया गा.पा. वडा नं. ३ बस्ने **चन्द्रभान यादव** (ना.प्र.नं. : १/२९२० जारी मिति र जिल्ला : २०४९/१२/२० रुपन्देही)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Central Office: Lazimpat, Kathmandu, Tel: 01-5970887, Toll Free No.: 16600149999 (NTC),18102149999 (Ncell)
Web: www.muktinathbank.com.np, E-mail: info@muktinathbank.com.np
Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## विपद् पूर्वतयारीमा लागौं

**असार लागेसँगै नेपालमा मनसुन सुरु भइसकेको छ । आकाशे पानीको भरमा गर्नुपर्ने कृषिका लागि यो उपयुक्त समय पनि हो । यो समयमा धेरैजसो स्थानमा धान खेतीका लागि रोपाइँ हुने गर्छ । तर केही स्थानमा भने अधिक वर्षाका कारण घरबास नै जोखिममा पर्छ । कतिपय ठाउँका खेतीबाली कटान हुन्छ भने कतिपय ठाउँमा पहिरो जाने गर्छ । जसका कारण मानवीयदेखि भौतिक क्षति हुने गर्छ ।**

**बुधबार दिउँसो चीन सरकारले तिब्बत क्षेत्रमा अत्यधिक वर्षा हुनसक्ने सम्भावना रहेको भन्दै भोटेकोशी नदी र सुनकोशी नदी बग्ने आसपासका क्षेत्रमा सतर्कता अपनाउन आग्रह गरेको छ । असार ३ देखि ७ गतेसम्म अत्यधिक वर्षाको अनुमान चीनले गरेको छ । लगातारको वर्षाले तातोपानीको लिपिङ बजारमा पहिरो खस्दा बुधबार तीन घरमा क्षति पुगेको छ । ठाउँठाउँमा पहिरो खस्दा बाटो अवरुद्ध भएको छ ।**

**नेपालको मौसम विभागले भने चीनले भनेजस्तो खतरा नरहेको जनाएको छ । विभागले बुधबार साँझ विज्ञप्ति जारी गर्दै भूउपग्रह तथा मौसम प्रारूपबाट प्राप्त तथ्यांक तथा सूचनाको हालको विश्लेषणका आधारमा सिन्धुपाल्चोक र सोको माथिल्लो जलाधार क्षेत्रमा हाल मनसुनको प्रभाव भए पनि कमजोर अवस्थामा रहेको उल्लेख गरेको छ ।**

**विगतका दिनहरूमा सिन्धुपाल्चोकको मेलम्ची नदी, भोटेकोशी नदीमा आकस्मिकरूपमा आएको बाढीका कारण ठूलो मानवीय क्षति भएका उदाहरण छन् । भोटेकोशी नदीमा थाहै नपाइ पनि कहिलेकाहीँ ठूला बाढी आउने गर्छ । सायद यसै विषयमा चीनले सूचना दिएको हुन सक्छ । नेपाली मौसमको राडारमा चिनियाँ आकाशको पूर्वानुमान गर्न सक्ने भए राम्रै हो । तर यदि त्यस्तो अवस्था नरहेमा तटीय क्षेत्रका बासिन्दाले सतर्कता अपनाउनु आवश्यक छ ।**

**यतिमात्र हैन सरकारले पनि यस्ता विपद्बाट जोगिन पूर्वतयारी गर्नैपर्छ । भोटेकोशी क्षेत्रमा पर्यटकका लागि स्थापना भएको रिसोर्टहरू छन् । त्यसैगरी अन्य विभिन्न परियोजनाहरूसमेत यस क्षेत्रमा छन् । यी स्थानमामात्र हैन देशभर मौसमी बदली जारी भएकोले सरकारले विपद्को पूर्वतयारी गर्नु आवश्यक छ । अविरल वर्षाका कारण सडक अवरुद्ध हुने, दुर्घटना हुँदा उद्धार गर्न नसकिनेजस्ता घटना पनि नेपालीले भोग्दै आएका छन् । यस्तो अवस्थालाई सकेसम्म न्यूनीकरणका लागि सरकारले पूर्वतयारी थाल्नुपर्छ । यसका लागि भोलि भन्दै नपर्खौं । आजै सुरु गरौं ।**

**श्रम सरोकार**

### निर्माण क्षेत्रमा काम गर्दा अपनाउनुपर्ने सावधानी

वैदेशिक रोजगारीमा गएका धेरै नेपालीहरू निर्माण क्षेत्रमा कार्यरत छन् । निर्माण क्षेत्रमा काम गर्दा विशेष सतर्कता अपनाउनुपर्ने हुन्छ । किनभने हरेक क्षण जोखिममा काम गर्नुपर्छ । निर्माण क्षेत्रमा काम गर्ने कामदारहरूले सुरक्षा सावधानीका आवश्यक सबै नियमहरूको पूर्ण पालना गर्नुपर्दछ, जसमा न्यूनतम् यी कुराहरू पर्दछन्:

- हातमा पञ्जा वा कामको प्रकृति सुहाउँदो, टाउकोमा हेलमेट खुट्टामा सेफ्टी सुज (स्टिल टो भएको जुत्ता), पूरै शरीर ढाकिने युनिफर्म, आँखामा सेफ्टी ग्लास (चस्मा), मुखमा मास्क (धूलो हुनेमा अनिवार्य), कानमा इयर प्लग (ठूलो आवाज हुनेमा अनिवार्य) सामान्यतया प्रयोग गरिने न्यूनतम उपकरणहरू हुन् । यिनका अतिरिक्त स्काफोल्डिङ प्रयोग गरिने उचाई या गहिराइका काममा डोरीसहितको विशेष सेफ्टी ज्याकेट र बेल्ट, स्याण्ड ब्लास्टिङ गर्दा ब्लास्टिङका विशेष उपकरण जस्तै विशेष काममा विशेष (अतिरिक्त सुरक्षा) उपकरणहरू प्रयोग गर्ने ।
- काम गर्ने ठाउँमा आगो नियन्त्रणका लागि एकजना रेखदेख गर्ने व्यक्ति र सुरक्षा सावधानी हेर्ने छुट्टै सेफ्टी सुपरभाइजर पनि अनिवार्य रहनुपर्ने नियम नै हुन्छ, उक्त नियमको पालना गर्ने ।
- कम्पनीको काम व्यक्तिगत काम जस्तो आफूखुसी गर्नु हुँदैन, ठूला कम्पनीहरूका प्रायः काममा हरेक दिन काम सुरू गर्नुअघि अनुमति लिनुपर्ने सिस्टम हुन्छ, यस्तो पर्मिट दिनुअघि काम गर्ने स्थल सुरक्षित छ छैन जाँच गर्नुपर्छ ।
- काममा प्रयोग हुने सबै उपकरणहरू दुरूस्त हुनुपर्दछ, जाँचेर सुरक्षित भएको ट्याग नै लगाइएको हुनुपर्दछ । साथै गाडी चालक तथा अपरेटरहरू पनि लाइसेन्स होल्डरहरू हुनुपर्दछ ।
- आफूले नजानेको, नबुझेको या नसक्ने काम गर्नुहुँदैन, पहिले सिकेर दक्ष र सक्षम बन्नुपर्दछ ।
- शारीरिक र मानसिकरूपमा अस्वस्थ रहेको बेला काम गर्नु हुँदैन, आराम गरी पहिला स्वस्थ बन्नुपर्दछ ।
- ठूलो हावाहुरी चल्दा, पानी पर्दा या अरू कुनै प्रदूषण फैलिएको असामान्य र असुरक्षित अवस्थामा काम गर्नु हुँदैन ।
- काम गर्दा अचानक कुनै दुर्घटना हुन गए, कुनै हानि नोक्सानी हुन गए या अप्रत्यासितरूपमा प्रतिकूल अवस्था सिर्जना भए तुरून्त आफूभन्दा सिनियरलाई खबर गरी समाधान खोज्नुपर्दछ । कुनै शंका लागे सोध्नुपर्छ । अन्दाजमा कुनै काम गर्नु हुँदैन ।

# जलवायु परिवर्तनले सकसमा मुस्ताङ



■ लोकराज अवस्थी

> हिमाल संरक्षणका लागि सरकारले दिगो नीति तथा योजना ल्याउनुपर्छ । मुस्ताङमात्र नभएर हिमाल जोगाउनका लागि विशेष पहलकदमी गरिनुपर्छ । स्थानीय भाषा, कला, संस्कृति तथा पहिचानलाई जोगाउनका लागि पनि सरकारले दीर्घकालीन रणनीति अपनाउनुपर्छ । हिमाली क्षेत्रमा बसोबास गरिरहेकाहरूको वैकल्पिक जीवन जिउने कला तथा सीपको विकास सुनिश्चित गरिनुपर्छ । त्यतिमात्र हैन, सरकारले मुस्ताङबासीलाई जलवायु न्याय दिनुपर्छ ।

जलवायु परिवर्तनले विश्वलाई प्रभावित पार्दै आइरहेको छ । यो सामूहिक समस्याका रूपमा देखापरेको छ । यसले विश्वको ध्यान केन्द्रित गरिहेको छ । जलवायु परिवर्तनले समग्र मानव जातिलाई मात्र नभएर पर्यावरणीय चक्रलाई नै खल्बलाइरहेको छ । जसरी जलवायु परिवर्तनले विश्वभरि असर पारेको छ, त्यसैगरी नेपाल पनि प्रभावित बन्दै आइरहेको छ । जलवायु परिवर्तनले सबैभन्दा बढी असर नेपालका उच्च हिमाली क्षेत्रमा पारेको देखिन्छ । समग्रमा भन्ने हो भने जलवायु परिवर्तनले वातवारणीय असरमात्र पारेको छैन, मानवीय संकट पैदा गरेको छ । युगौंदेखिको परम्परा र संस्कृति लोपन्मुख भइरहेको छ । रैथाने कृषि प्रणाली तथा प्रविधि र खानाका परम्परागत परिकारहरू हराउँदै गइरहेका छन् । मानवीय सम्बन्ध, सामाजिक अन्तरसम्बन्ध तथा भौगोलिक सम्पन्नता पनि जलवायु परिवर्तनले प्रभावित बनाएको छ । मानव र वन्यजन्तुबीचको सम्बन्ध पनि खल्बलाएको छ । प्राकृतिक द्वन्द्व सिर्जना गराएको छ । र, जलवायु परिवर्तनले परम्परा र आधुनिकताबीचको नवीन संघर्ष जन्माएको छ ।

म्यान्ग्रोव फाउण्डेसनले गरेको एक अध्ययनअनुसार उच्च पहाडी भेगमा पछिल्ला केही दशकहरूमा नाटकीय परिवर्तनहरू आएको जनाएको छ । उक्त अध्ययनले पहिले वर्षभरि हिउँले ढाकेका पहाडहरू अहिले खाली र सुक्खा हुँदै गइरहेका छन् । र, हिमाली क्षेत्रमा हिमनदी, बरफ र हिउँले ढाकिएको क्षेत्र विश्वको औसतभन्दा धेरै छिटो घटिरहेको जनाएको छ । हिमाली क्षेत्र, अरू क्षेत्रभन्दा दुई गुणा छिटो तात्दै गइरहेको अनुसन्धानले जनाएको छ । विश्व तापमानले हिउँ र बरफको मात्रामा गम्भीर प्रभाव पारेको छ । यसले हिमाली क्षेत्रमा मानवीय संकट पैदा गर्दै गइरहेको छ । यो मानव जाति र प्रकृति दुवैका समस्या बन्न पुगेको छ ।

यस्तै, मुस्ताङ पनि जलवायु परिवर्तनको असरबाट प्रत्यक्ष प्रभावित भइरहेको छ । पानी नपर्ने तर हिउँ पर्ने भनेर चिनिएको हिमालपारिको जिल्ला मुस्ताङमा नियमित हिउँ पर्न छोडेको वर्षौं भयो । हिउँमै जन्मी हुर्की खेलेका मुस्ताङीलाई हिउँ नै बिरानो बन्न थालेको छ । हिउँदमा कहिलेकाहीँ देखिने हिउँले उनीहरूलाई जिस्काइरहेको अभास हुन थालेको छ । उनीहरू सोचिरहेका छन्, किन उहिलेको जस्तो हिउँ पर्दैन ? किन पहिलेको जस्तो खेतीपाती हुँदैन ? जस्ता प्रश्नहरूले घच्घच्याइरहेको छ । उनीहरूले जीवनशैली फेरिएको अनुभव गरिरहेका छन् । आफ्नै आँखा अगाडि हिमाल डाँडामा परिणत भएको देखेका छन् । कृषि उत्पादन भूमि सुक्खा बगरमा परिणत भएको अनुभव गरिहेका छन् । उनीहरूले आफ्ना लेकहरूमा याक, चौंरी तथा च्यांग्राका बथानहरूको अगुवाइ गर्न छाडिसके । वरिपरिका सुक्खा डाँडाहरूमा बेमौसममा पहिरो गएको आफ्नै आँखासामु देखेका छन् ।

गाउँको पानीको मूलमा पानी आउन छोडेको छ । हिमालबाट आउने पानीका मुहानहरूमा पानी कम हुँदै गइरहेको छ । स्थानीय भाषा, कला तथा संस्कृतिमा परिवर्तन आएको छ । स्थानीय परम्परामा आधारित व्यवसाय संकटमा परेका छन् । मुस्ताङबासी यस्तै परिवर्तन भोग्दै, देख्दै आइरहेका छन् । समयक्रमसँगै भएको परिवर्तनले स्थानीय बासिन्दाको जीवनशैली तथा प्रभावित भएको छ । योभन्दा ठूलो असर प्रकृतिमा परेको छ । यसको मूल कारण भनेको जलवायु परिवर्तन हो ।

जलवायु परिवर्तनले मुस्ताङमा मानिसको बासस्थानमात्र नभएर पर्यावरण नै प्रभावित भइरहेको छ । मुस्ताङमा पनि अरू हिमाली क्षेत्रजस्तै हिमताल संकटमा रहेका छन् । ताल सुक्ने तथा विष्फोट हुने खतरा पनि बढी रहेको छ । पछिल्ला वर्षहरूमा मुस्ताङमा पानी पर्न थालेको छ । यसको कारण बाढीको प्रकोपमा स्थानीय गाउँबस्तीहरू मारमा पर्ने गरेका छन् । उदाहरणका लागि २०८० साउन २८ गते कागबेनीमा आएको बाढीले त्यस क्षेत्रमा ठूलो क्षति पुऱ्याएको थियो । समयमा समयमा हुने तीव्र हावाहुण्डरी तथा असिनापानीले कृषिबालीमा असर पर्न थालेको छ । मुख्यगरी अप्रत्यासित हुने हिमपात, बरफको आँधी तथा खडेरीले पनि जनजीवन प्रभावित हुने गरेको छ । यसले गर्दा यस क्षेत्रका गरिबी रेखामुनि रहेका तथा भौगोलिक जोखिममा परेका समुदायलाई बढी प्रभावित बनाएको छ ।

गाउँघरमा खाना पकाउनका लागि प्रयोग हुने दाउरा पनि पाइँदैन । डाँडामा भएका सामान्य बुटचानबाहेक ठूलठूला रूखहरू लोप हुँदै गइरहेका छन् । बुबाबाजेले घरमाथि जम्मा पारेका दाउरा अचेल नासोका रूपमा मात्र छन् । किनभने उतिबेलाको जस्तो घनाजंगल अहिले छैनन् । अचेल खाना पकाउन ग्यासको प्रयोग गरे पनि हिउँदमा जाडो हुँदा भने निकै कठिनाइ भोगिरहेका छन् । दाउरा नहुँदा बालबालिका तथा ज्येष्ठ नागरिक अझ बढी प्रभावित हुने गरेका छन् । उनीहरूका लागि जाडोबाट बच्न एकमात्र उपाय भनेको दाउरा बालेर आगो ताप्नु र घरलाई न्यानो बनाउनु हो । तर अब त्यो सम्भावना कम हुँदै गइरहेको छ । यसको कारण हिउँदे जीवन प्रभावित हुन थालेको छ ।

जलवायु परिवर्तनसँगै बढ्दो तापक्रम तथा वायुमण्डलमा आएको परिवर्तनले यस क्षेत्रमा स्थानीयको स्वास्थ्यमा समस्या देखिन थालेका छन् । मुस्ताङको जोमसोम उपत्यका तथा वरिपरिका बस्तीहरूमा लामखुट्टे देखिन थालेका छन् । जुन भविष्यमा स्थानीय बस्तीका लागि निकै ठूलो स्वास्थ्य समस्या बन्ने छ । बढी हावा चल्ने कारणले बेमौसमा चिसो हुने गरेको छ । यसका कारण रुघाखोकी तथा ज्वरोलगायत रोगहरू बढिरहेका छन् । यसमा पनि अझ महिला, बालबालिका तथा ज्येष्ठ नागरिकलाई बढी प्रभावित बनाएको छ ।

जलवायु परिवर्तनले मुस्ताङका विभिन्न क्षेत्रहरू हुने खेतीपाती तथा पशुपालनलाई प्रभावित बनाएको छ । यस क्षेत्रका मुख्य कृषिबालीहरू आलु, उवा, जौ तथा फापरलगायतका उत्पादनमा कमी आएको छ । कमी आउनुको मुख्य कारण बेलैमा हिउँ नपर्नु हो । यस क्षेत्रमा हिउँ नपरेसम्म बाली सप्रिँदैन । हिउँ नपरेपछि सिँचाइमा पनि समस्या देखिन थालेको छ । स्थानीय नदीनालाहरूमा पानीको मात्रा कम हुन थालेको छ । अझ सानातिना खोलाहरू त सुक्दै गइरहेका छन् । हिउँ तथा पानी नपरेपछि खेतबारी सुक्खा हुँदै गएका छन् । अर्को कुरा, पशुपालन गर्न कठिनाइ भएपछि मलको अभाव भएको छ । स्थानीयस्तरमा उत्पादन भएको कृषि उत्पादनले सहजै बजार नपाउनु पनि समस्याको रूपमा देखिएको छ ।

पशुपालन यहाँको अर्को मुख्य पेसा हो । च्याङग्रा, चौंरी तथा भेडाबाखाहरू पाल्न कठिन हुन थालेको छ । पशुपालन नहुँदा ऊन उत्पादनमा कमी आएसँगै धेरैको मुख्य पेसा नै संकटमा परेको छ । एकातिर व्यवसाय घटेको छ भने अर्कोतिर स्थानीय कलासंस्कृति तथा परम्परामा आधारित लुगाहरू उत्पादन हुन छोडेको छ । यसले मस्ताङको मौलिक परिचय नै संकटमा परिरहेको छ । अर्को कुरा, प्रशस्त मात्रामा स्थानीय कृषि उत्पादन नहुँदा स्थानीय बासिन्दा बाहिरबाट आएको महँगो खानेकुरा खान बाध्य छन् । त्यतिमात्र हैन, स्थानीय रैथाने खाना तथा परिकारहरू लोप हुँदै गइरहेका छन् । यसले मुस्ताङीको जीवनचक्रलाई परिवर्तन गरेको छ । उनीहरूलाई अचानक आएको परिवर्तनलाई स्वीकार्न सकस हुँदै आएको छ ।

गाउँहरू युवाविहीन देखिन्छन् । गाउँमा आफ्नो भविष्य नदेखेका युवाहरू जीविकोपार्जनका लागि गाउँ छोड्न बाध्य छन् । एकातिर अवसरको कमी, अर्कोतिर परम्परागत व्यवसाय संकटमा परेको कारण युवाहरूका लागि गाउँ बस्नयोग्य रहेन । आफूले भोगेका पीडा आफ्ना सन्तानले नभोगून् भनेर परिवारले उनीहरूलाई पढाइका लागि भनेर सहर पठाउन थालेका छन् । आफ्नो सुन्दर भविष्यका लागि युवाहरू पोखरा, काठमाडौं तथा विदेश जान थालेका छन् । गाउँ छोड्ने युवाको संख्या दिनानुदिन बढिरहेको छ । गाउँमै बसिरहेका युवाहरूलाई पनि सहज छैन । उनीहरू पनि विकल्पको खोजीमा छन् । यही क्रममा युवा पलायन हुँदै गए भने मुस्ताङका बस्ती उजाड हुँदै जाने छन् । मुस्ताङको त्यो गौरवमय इतिहास, कला, संस्कृति तथा पहिचान संकटमा पर्ने छ ।

हिमाल संरक्षणका लागि सरकारले दिगो नीति तथा योजना ल्याउनुपर्छ । मुस्ताङमात्र नभएर हिमाल जोगाउनका लागि विशेष पहलकदमी गरिनुपर्छ । स्थानीय भाषा, कला, संस्कृति तथा पहिचानलाई जोगाउनका लागि पनि सरकारले दीर्घकालीन रणनीति अपनाउनुपर्छ । हिमाली क्षेत्रमा बसोबास गरिरहेकाहरूको वैकल्पिक जीवन जिउने कला तथा सीपको विकास सुनिश्चित गरिनुपर्छ । त्यतिमात्र हैन, सरकारले मुस्ताङबासीलाई जलवायु न्याय दिनुपर्छ । जलवायु परिवर्तनले पारेको क्षति तथा असरलाई न्यूनीकरण गर्न पनि उनीहरूलाई क्षतिपूर्ति तथा न्याय दिइनुपर्छ । जलवायु न्याय सुनिश्चित गर्न सरकारले ठोस नीति तथा कार्यक्रम तत्कालै ल्याउनुपर्छ, जसले गर्दा उनीहरूलाई राहत मिलोस् । जीवन जीउने कलाको विकास हुँदै जाओस् र जीवन्त मुस्ताङ बचिरहोस् । *रासस*

# जनताको प्राथमिकतामा सुशासन



■ विराजभक्त श्रेष्ठ

संसद्ले गर्नुपर्ने धेरै काम छ । संविधान कार्यान्वयनकै चरणमा छ । संविधानबमोजिम संसद्ले समयसापेक्ष ऐन, कानुन र नीतिहरू बनाउनुपर्ने छ । कानुन निर्माणमा सबै पक्षको तदारुकताको आवश्यकता छ । संघ र प्रदेशको साझा अधिकारलाई कानुनमार्फत खुकुलो बनाइनुपर्ने छ । त्यसतर्फ संसद्को आवश्यक ध्यान पुग्नसकेको छैन । जसले जनआक्रोश बढाउन सहयोग पुऱ्याएको हो कि भन्ने लागेको छ । जुन उद्देश्यले संविधान ल्याएको हो, सोहीअनुसार प्रभावकारी काम नभएपछि जनतामा एक खालको आक्रोश देखिनुलाई अन्यथा भन्न मिल्दैन ।

हाम्रो पार्टी (राष्ट्रिय स्वतन्त्र पार्टी) को उदय नै अरु पार्टीले देश र जनताको हितमा काम गर्न सकेनन् भन्ने कोणबाट भएको थियो । निर्वाचनमा पनि सोहीअनुरूप मत प्राप्त भयो । सरकारमा सहभागी भएपछि हामीप्रतिको आशामा परिवर्तन भयो । पार्टीको उदयसँगै हामीले सुशासन र सेवा प्रवाहका कुरा उठाएका थियौं । किनभने कानुन कागजमा मात्र सीमित हुँदैन । मानिसले कानुनको अनुभूति गर्न पाउनुपर्छ । त्यो नहुँदा समाजमा द्वन्द्व सिर्जना गर्छ । समग्रमा सदनमा आ-आफ्ना दलीय एजेण्डा उठाए पनि एकअर्का नेता र दलप्रति सद्भाव र हार्दिकता कायमै छ ।

अहिले जनताको प्राथमिकताको विषय सुशासन हो, त्यतातिर ठोस रूपमा काम हुनुपर्नेमा भएको छैन । सदन समयसापेक्ष कानुन बनाउने थलो हो । तर, गएको साढे दुई वर्षलाई समीक्षा गर्ने हो भने त्यतातिर ध्यान गएको देखिँदैन । कतिपय ठाउँमा राजनीतिक स्वार्थभन्दा पनि माथि उठेर काम गर्नुपर्ने हुन्छ । यसअघि म बागमती प्रदेश सांसद थिएँ । कानुन निर्माणमा हामी दत्तचित्त भएर लाग्यौं, संसदीय समिति पनि सक्रिय बनायौं । त्यो कार्यकालमा ६५ वटा कानुन बनाइयो । त्यसअनुसारको संघीय सदनमा सक्रियता देखिन्न । सदनलाई चलायमान गराउन सरकारको पनि महत्त्वपूर्ण भूमिका हुन्छ । किनभने विधेयक ल्याउने भनेको सरकारले नै हो । यहाँनिर ठूला दलको ध्यान पुग्न सकेन भन्ने मेरो बुझाइ छ ।

सरकार भनेको राज्य सञ्चालन गर्न आवश्यक स्रोत साधन जुटाउने तथा परिचालनका लागि आवश्यक व्यवस्थापन गर्ने निकाय र अभिभावक हो । विकास भनेको कानुन र नीतिले गर्ने हो, मन्त्रीले होइन । खेल खेलाडीले खेल्ने हो, त्यसका निम्ति सरकारले नीति, नियम र कानुन बनाइदिने हो । मैले युवा तथा खेलकुदमन्त्री हुँदा पाँचवटा जति नीति निर्माणका काम गरेँ । त्यसबेला राष्ट्रिय स्वयंसेवा नीति अगाडि बढाइयो । मन्त्री र मन्त्रालयले चाहेको खण्डमा धेरै काम गर्न सक्ने ठाउँ छ । बजेट विनियोजनका हिसाबले युवा तथा खेलकुद मन्त्रालयलाई गरिब मन्त्रालयका रूपमा हेरिन्छ । तर 'स्ट्रेन्थ' भनेको बजेटभन्दा पनि नीति हो । हामीले मौद्रिक नीतिलाई खेलसँग जोडेर कसरी लैजान सकिन्छ भनी काम गर्न कोसिस गरियो । खेलकुदलाई व्यावसायिक र प्राज्ञिक बनाउनेतर्फ पनि काम गरेका थियौं । फलस्वरूप अहिले खेलाडी खेलबाट नै पैसा कमाएर जीवनयापन गर्न सक्ने भएको छ । नेपाली खेलाडीले नै देशलाई अन्तर्राष्ट्रिय रूपमा चिनाएका छन् । तर, खेल र खेलाडीलाई त्यसअनुरूप बुझ्ने र सम्मान गर्ने काम हुनसकेको पाइँदैन ।

पहिलोपटक हाम्रो पार्टी सरकारमा सहभागी हुने बेलामा सभापतिजीले सोध्नुभएपछि मैले भने हामीलाई सरकारमा जाने 'म्याण्डेट' दिएका छैनन् भनेको थिएँ । तर सभापतिले यत्तिकै बसेर हुँदैन, जनताले सेवा प्रवाह खोजिरहेका छन् भन्नुभयो । संसद्को चौथो ठूलो दल हुनुका नाताले सरकारमा जानै हुन्न भन्ने पनि हुँदैन । त्यतिबेला सरकारलाई समर्थन गर्ने तर सरकारमा नजाने, गए पनि सर्तका आधारमा जाने, भरसक नजाने विषयमा सल्लाह दिएको थिएँ । तर सभापतिको चाहना जनताले तत्काल राहत खोजेकाले सुशासन र डेलिभरी दिन जानुपर्छ भन्ने भयो ।

युवा पलायनलाई एकतर्फी मात्र नभई बृहत्तर रूपमा हेरिनुपर्छ । मानिसको बसाइँ सर्ने विषय नियमित प्रक्रिया हो । यद्यपि, विदेश जानुको कारण भने खोज्नुपर्छ । देशको राजनीतिक, सामाजिक वा बेरोजगारी के कारण युवा विदेश गएका हुन् भनी कारण पत्ता लगाउनुपर्छ । सेवा सुविधा आदि कारणले पहाडमा समस्या भयो भनी तराईमा बसाइँसराइ भएको कुरा यथार्थ हो । नौ महिना खेती गरेर तीन महिना पनि खान नपुगेपछि मानिस तराईमा सर्न बाध्य भएका हुन् । सुविधा खोज्दै बसाइँ सर्ने क्रम बढ्दो छ । त्यसैले युवा विदेश गएको विषयलाई पूर्णरूपमा नकारात्मक परिभाषा पनि गर्नु हुँदैन । यद्यपि, रोजगारीमा विदेश जाने युवाका निम्ति रोजगारीका अवसर व्यवस्था राज्यले यही गर्नुपर्छ । युवालाई विदेश पठाउने हो भने दक्ष बनाएर मात्र पठाउनुपर्छ । युवा पलायन हुनु भनेको राजनीतिमा भ्रष्टाचार पनि हो ।

अहिले प्रमुख दुई ठूला दल मिलेर गठन भएको सरकार दुईतिहाइको छ । सुशासन कायम गर्ने हो भने सरकारलाई उपयुक्त समय छ । संविधान संशोधन, कानुन र नीति नियम नै परिवर्तन गर्न सक्ने बहुमत छ । उनीहरूको सत्ता सञ्चालनको लामो अनुभव पनि छ । यी सबै कारणले वर्तमान सरकारलाई देशमा सुशासन काम गर्न बाटो खुला छ । तर सुशासन कायम हुनसकेको छैन । सुशासनको सवालमा जनताले धेरै ठूलो कुरा खोजेको पनि होइन । बत्ती झ्याप्पझ्याप्प नजाओस्, बाढीले घर नबगाओस्, राज्यबाट प्रदान गरिने सेवासुविधा लिन जाँदा आत्मसम्मानमा ठेस नपुगोस् भन्ने जनताले खाजेको छ ।

देश बनाउने भनेको राजनीतिक नेतृत्वले मात्र होइन । आमनागरिकको पनि उत्तिकै भूमिका हुन्छ । हामी सबैले अतिकति सकारात्मक सोच राखेर काम गरियो भने देशमा परिवर्तन गर्न सकिन्छ । रचनात्मक हिसाबले हामीले काम गर्न सकेको खण्डमा देश विकासको सम्भावना खोज्न सक्छौं । त्यसका लागि नागरिक पनि विवेकशील हुनुपर्छ ।

*(राष्ट्रिय स्वतन्त्र पार्टी संसदीय दलका उपनेता श्रेष्ठसँग राससले गरेको कुराकानीमा आधारित)*

# ऋषिङ र देवघाटमा जलवायुमैत्री कृषि प्रविधिमार्फत खेती



**डुम्रे (तनहुँ)–** जिल्लाको ऋषिङ र देवघाट गाउँपालिकामा जलवायुमैत्री कृषि प्रविधि कार्यक्रम सुरु गरिएको छ । जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा पर्ने असर तथा प्रभाव न्यूनीकरणका लागि असल कृषि अभ्यास र प्रविधिको अवलम्बन गरी जलवायु अनुकूलन क्षमताको विकास गर्दै उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको हो ।

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश, जिल्ला समन्वय समिति तनहुँ, कृषि ज्ञान केन्द्र र ऋषिङ गाउँपालिकाको समन्वयमा जलवायसमैत्री कृषि प्रविधि कार्यक्रम सञ्चालन गरिएको छ । ऋषिङ-७ आम्चोकमा २३ घरधुरी जलवायुमैत्री कृषि प्रविधि कार्यक्रममा सहभागी भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । जिल्लाको जलवायुजन्य जोखिमका दृष्टिले तुलनात्मकरूपमा बढी संवेदनशील रहेको क्षेत्र पहिचान गरी कार्यक्रम सञ्चालन गरिएको केन्द्रका प्रमुख गोपाल शर्मा लामिछानेले जानकारी दिए ।

उनले भने, 'जलवायु परिवर्तनको असरले खेती प्रणालीमा परेको असरलाई न्यूनीकरण गर्दै उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने लक्ष्यका साथ कार्यक्रम ल्याइएको हो ।' जलवायु परिवर्तनको प्रभाव अधिकांश स्थानमा परेको छ । यस्ता समस्या तथा जोखिमलाई सुहाउँदो उत्पादनमा जोडने प्रयासमा लगानी बढाएको उनले बताए ।

जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेले जलवायुमैत्री कृषि प्रविधि कार्यक्रमको शुभारम्भ गर्दै कम बजेटमा सुरुआत गरिएको खेतीले उत्पादन र उतपादकत्व वृद्धिमा सहयोग पुऱ्याउन सक्नुपर्नेमा जोड दिए । उनले भने, 'सिँचाइकोसमेत अभाव रहेको स्थानमा पम्पिङ गरी ल्याई उपयोग गरिएको छ, कम बजेटमा गर्न सकिन्छ भन्ने शंकाका साथ सुरुआत गरिएको सफल भइरहेको छ, यसले कृषकका साथै हामीलाई प्रेरित गरिएको महसुस भएको छ ।'

मौसम अनुकूलको उत्पादनलाई अगाडि बढाउने प्रयास ज्ञान केन्द्रले गरेको उनको भनाइ छ । स्थानीय तहले पनि जलवायु परिवर्तन भइरहेको अवस्थामा सुहाउँदो उत्पादन र उत्पादकत्व दिनेगरी कृषि प्रणालीको विकास र अवलम्बन गर्न आवश्यक रहेको बताए । उनले भने, 'यस्ता कार्यक्रमले निरन्तरता पाउनुपर्छ र यस प्रणालीको अवलम्बन गरी गरिएको खेतीबाट कृषक आयस्तरसँग जोडन सक्नुपर्छ ।'

ऋषिङ गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठले कृषकलाई तालिम, आवश्यकताका आधार पहिचान गरी रोजगार बनाउने योजनासहित अगाडि बढेको बताए । उनले भने, 'यहाँ गरिएको खेती नमूना बनाउनेछौं, यो कार्यक्रमलाई प्रभावकारी र नमूना कार्यको रूपमा विकास गर्नेछौं र सबैले हेर्ने तथा आकर्षण गर्ने क्षेत्रका रूपमा विकास गर्नेछौं ।'

कृषि, भूमि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेशका उपसचिव गोविन्द पाण्डेले मौसम परिवर्तनले अत्यधिक वर्षा तथा कम वर्षाको समयमा पनि खेती गर्न सक्नेगरी कार्यक्रम सञ्चालनमा आएको बताए । उनले भने, 'जलवायु परिवर्तनमा नै उत्पादन लिनेगरी खेतीलाई विकास गर्ने लक्ष्य हो, यहाँ उत्पादनलाई बीउ उत्पादनमा जोडेर प्रदेश सरकारले खरिद-बिक्री गरी अन्यत्र प्रवर्द्धन गर्न सकिने छ ।'

जलवायुजन्य प्रकोप तथा जोखिमको अवस्था, समुदायको सामाजिक, आर्थिक अवस्था, भौगोलिक विकटता, खाद्य सुरक्षाको अवस्थाको अध्ययन तथा अनुसन्धान गरी कार्यक्रम सञ्चालनमा ल्याइएको हो । आर्थिक वर्ष २०८१/८२ मा विनियोजित बजेटबाट कार्यक्रम सञ्चालनमा ल्याइएको केन्द्रले जनाएको छ । १० लाख रूपैयाँको लागतमा लिफ्टिङ र थोपा सिँचाइमार्फत खेती गर्नेगरी जलवायुमैत्री कृषि प्रविधि कार्यक्रम सञ्चालनमा ल्याइएको केन्द्रका सूचना अधिकारी एवं बाली संरक्षण अधिकृत किरण परियारले जानकारी दिए ।

'चालु आर्थिक वर्षमा ऋषिङ-७ आम्चोक र देवघाट-४ मा यो कार्यक्रम सञ्चालन भइरहेको छ, यसको सुरुआतले कृषकमा उत्साह जगाउन मद्दत पुगेको छ,' उनले भने । माटोको स्वास्थ्य प्रवर्द्धनका लागि कोसेबाली उत्पादन प्रवर्द्धन, मिश्रित खेती प्रणाली प्रवर्द्धन, हरियो मल प्रवर्द्धन, गोबर मल तथा गडचौला मल उत्पादन र प्रयोग, माटो परीक्षणसहित खेती गर्न प्रेरित गर्न सकिन्छ । *रासस*

# दलित युवालाई सीप सिकाउँदै तमानखोला गाउँपालिका



**ढोरपाटन (बागलुङ)–** तमानखोला गाउँपालिकाले दलित समुदायका युवालाई आयआर्जनसँग जोड्न बाँसका सामग्री बनाउने तालिम दिन थालेको छ । गाउँमा पाइने बाँस तथा निगालेलाई उपयोग गरी युवालाई उद्यमी बनाउने उद्देश्यले तालिम दिन थालिएको हो ।

उच्च पहाडी क्षेत्रमा पर्ने तमानखोलामा पर्याप्त बाँस तथा निगालो पाइने हुँदा तालिमबाट सीप सिकेर त्यसलाई आयआर्जनको माध्यम बनाउन सकिने छ । बूढापाकाले वर्षौंदेखि परम्परागत रूपमा ढालो, नांलो, डोरी लगायत सामग्री बनाएर प्रयोग गर्दै आए पनि बिक्री कम हुँदै आएको थियो ।

बजारमा बिक्ने सामग्री निर्माण गरेर युवालाई उद्यमी बनाउने उद्देश्यले तालिम दिइरहेको गाउँपालिकाका अध्यक्ष जोकलाल बुढा मगरले बताए । पालिकाले चालु आर्थिक वर्षमा विनियोजन गरेको चार लाख ७५ हजार रूपैयाँले युवालाई तालिम दिएको उनले जानकारी दिए ।

ललितपुरबाट प्रशिक्षक झिकाएर १५ दिने तालिम दिइरहेको अध्यक्ष बुढा मगरले बताए । उनले भने, 'बाँसबाट गाउँमा अहिले बूढापाकाले विभिन्न सामग्री बनाउने गर्नुहुन्छ, उहाँहरूले बनाए पनि घरायसी प्रयोजनका लागिमात्रै प्रयोग हुन्छ, बजारमा लगेर बिक्री गर्ने प्रचलन कम भएकाले पुस्ताले त्यसतर्फ केन्द्रित गर्न खोजेका छौं । युवालाई बाँसबाट आकर्षक सामग्री बनाउन सिकाएर उद्यमी बन्न प्रेरित गरिरहेका छौं, उहाँहरूले सीप सिकेर उत्पादन गर्न थाल्नुभयो भने त्यसको बिक्रीमा समस्या भए पालिकाले सहजीकरण गर्ने छ ।'

तालिममा गाउँपालिकाका छ वटै वडाका युवाहरू सहभागी छन् । युवालाई फोटो फ्रेम, कुर्ची र टेबललगायत सामग्री बनाउने सीप सिकाइने अध्यक्ष बुढामगरले उल्लेख गरे । सीप सिकेर युवाले सामग्री बनाउन थालेपछि वनजंगलमा खेर गइरहेका बाँस र निगालो प्रयोगमा आउने उनको भनाइ छ । तालिममा सहभागी धनीराम घमालले बाँसको चोयाबाट आकर्षक सामग्री बन्ने भएकाले प्रशस्त आम्दानी गर्न सकिने बताए । आफूले पहिलेदेखि मुढा बनाउने गरेको भन्दै अहिले तालिमबाट थुप्रै प्रकारका सामग्री बनाउन सिकिरहेको उनले उल्लेख गरे ।

तालिमपछि बाँसका सामग्री बनाएर आफ्नै आयआर्जन सर्न सकिने आत्मविश्वास बढेको उनले बताए । 'हाम्रो गाउँघरमा पाइने बाँसबाट प्रयोगमा आउने आकर्षक सामान बनाउन सकिन्छ । अहिलेसम्म हामीले मेसो पाएका थिएनौं, प्रशिक्षक सरले आकर्षक सामान बनाउन सिकाउनुभएको छ । आगामी दिनमा बाँसका सामग्री बनाएर बिक्री गर्ने योजना छ,' घमालले भने, 'आर्थिक अवस्था कमजोर छ, पालिकाले सहयोग गऱ्यो भने सानोतिनो उद्यम गर्ने योजना छ ।' *रासस*

# नियमविपरीत पशु ढुवानी गर्ने ५३ सवारीसाधनमाथि कारबाही

**चितवन (प्रस)–** नियमविपरीत पशु ढुवानी गर्ने ५३ सवारीसाधनलाई पशु क्वारेन्टिन चेकपोस्ट रामनगरले कारबाही गरेको छ । कार्यालयले बुधबार यहाँ सुरक्षाकर्मीलगायतका सरोकारवाला निकायसँग अन्तरक्रिया कार्यक्रम आयोजना गरी चालु आर्थिक वर्षको तेस्रो त्रैमासिकसम्मको प्रगति विवरण सार्वजनिक गरेको हो ।

सो क्रममा कार्यालय प्रमुख डा. कृष्ण पौडेलले ऐन नियमावली तथा पशु ढुवानी मापदण्डविपरीत अवैधरूपमा आयात तथा ओसारपसार गरिएका गोरु, राँगा, भैंसी, कुखुराका चल्ला, मासु, अण्डा, माछालगायत नष्ट गरी ती सवारीसाधनलाई कारबाही गरिएको बताए । उनका अनुसार ती सवारीसाधनबाट एक लाख २३ हजार ५०० रूपैयाँ जरिवानाबापत राजस्व संकलन गरिएको छ ।

उनका अनुसार यस कार्यालयबाट जाँचका क्रममा सबैभन्दा धेरै ब्रोइलर कुखुराका चल्ला ओसारपसार हुने गरेको छ । तेस्रो त्रैमासिकसम्म ब्रोइलर चल्ला ७७ लाख ३० हजार ९८५ वटा यस कार्यालय हुँदै भित्रने र बाहिरिएका छन् । यस्तै १० लाख ५९ हजार ४७६ अण्डाका पेटी जिल्लाबाट बाहिरिएको उनले जानकारी दिए । बोका, खसी, बाख्रा एक लाख ४० हजार १२४, राँगा, पाडा, पाडी ८३ हजार २८१, भैसी ७७५, गाई ३२४ यस बाटोबाट गएका छन् ।

पौडेलका अनुसार यो बाटो हुँदै तयारी मासुमा माछा ४११.३०९ मेट्रिकटन, राँगा, भैँसीको मासु १७६.८८३ मेट्रिकटन, खसीको मासु ५५.५९७ मेट्रिकटन, कुखुराको मासु १३५.५८ मेट्रिकटन र बंगुरको मासु १७८.९६६ मेट्रिकटन यस सडकको बाटो हुँदै गएको छ ।

ढुवानी गरेर ल्याइएका पशुका लागि पशु विश्रामस्थल र अवैधरूपमा ल्याइएका वा मरेका पशुलाई नष्ट गर्ने वायोलोजिकल किटको अभावका कारण समस्या भएको उनले बताए । पशुलाई ढुवानी गरेर ल्याएपछि आठ घण्टासम्म विश्रामको आवश्यकता पर्ने भए पनि विश्रामस्थल नहुँदा समस्या भएको उनले जानकारी दिए ।

कार्यक्रममा राष्ट्रिय पक्षी रोग अन्वेषण प्रयोगशाला चितवनका प्रमुख डा. विजय श्रेष्ठले स्थानीय तहमा वास्तविक विवरण आउन नसक्दा समस्या भएको बताए । आन्तरिक ओसारपसारका लागि स्थानीय तह जिम्मेवार बन्नु आवश्यक रहेको उनको भनाइ थियो । अहिले पशु क्वारेन्टिन नहुँदा पशु हाटबजार रोग फैलाउने 'हट स्पट' का रूपमा रहेको उनको भनाइ थियो ।

सहायक प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी शर्माले अवैधरूपमा हुने ओसारपसार रोक्न स्थानीय प्रशासनले काम गरिरहेको बताए । उनले भने, 'हामीले सबै स्थानमा कडाइका साथ जाँच गरिरहेका छौं, त्यस्तो भेटिए कारबाही गर्छौं ।' उक्त अवसरमा नेपाल पत्रकार महासंघ जिल्ला शाखाका अध्यक्ष वसन्त पराजुली, नेपाल कुखुरा व्यवसायी मञ्चका अध्यक्ष रघुनाथ भट्ट, हयाचरी उद्योग संघका महासचिव ज्ञानबहादुर बिसुराललगायतले छिमेकी देशको खुला नाकाका कारण व्यवसायी मारमा परेको भन्दै यसलाई कडाइ गर्न आग्रह गरे ।

## Bakaiya Rural Muncipality
## Office of Rural Municipal Executive
**Hattisunde, Makawanpur**
**Bagmati Province, Nepal**

## Invitation for Electronic Bid

**Date of publication: June 19 2025 (2082 Asar 05)**

1. **Bakaiya Rural Muncipality, Hattisude, Makwanpur** invites electronic bid from eligible bidders for below mentioned **Procurement of Supply of Feed Ingredients** under National Competitive bidding procedures goods as specified in Public Procurement Act and Regulations.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of ***Bakaiya Rural Muncipality, Hattisunde Makwanpur, Mob:9855088006, 9845904682 website:bakaiyamun.gov.np*** of office or may visit e-GP system: www. bolpatra. gov.np/egp .
3. Bidding documents is available online and can be downloaded from e-GP system: www. bolpatra. gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.

**Name of the Bank:** Prabhu Bank, Hattisunde, Makawanpur
**Name of the Office:** Bakaiya Rural Muncipality, Hattisunde Makwanpur
**Office Account No.:** 2537088849200028 (BAKAIYA GA.PA. ANTARIK RAJASWA KHATA)
2537088849200128 (BAKAIYA GA.PA. STHANIYA TAHA DHARAUTI KHATA)

4. **Bid Submission Deadline:** ***12:00 hrs 20 July 2025 (2082 Shrawan 04)***

| Contract ID No. | Name of Works | Bid Security NRs. | Bid Doc Cost NRs. |
|---|---|---|---|
| BRM/NCBG/05/2081-082 | Procurement of Supply of Feed Ingredients | 980,000.00 | 5000.00 |

5. Other information shall be collected from our PPMO's e-GP system: www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## युएइमा रोजगार
कम्पनी : Emarat Aloula Contracting One Person Company L.L.C
पूर्व स्वीकृति मिति : २०८२/03/08 | LT. No. 325848 | चलानी नं. ६०२३९७७३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Charge Hand (Civil) | 7 | 0 | 1600 | ६०,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Civil Foreman | 7 | 0 | 2000 | ७५,०७० | | | | | | | |
| 3 | Duct Fitter | 3 | 0 | 1500 | ५६,३०० | | | | | | | |
| 4 | Electrical Foreman | 3 | 0 | 1800 | ६७,५६५ | | | | | | | |
| 5 | Electrical Helpers | 10 | 0 | 1000 | ३७,५३५ | | | | | | | |
| 6 | Electrician. | 6 | 0 | 1400 | ५२,५५० | | | | | | | |
| 7 | Finishing Carpenter | 10 | 0 | 1200 | ४५,०४० | | | | | | | |
| 8 | Helper /labourer / Ceramic Worker /building Worker | 40 | 0 | 1000 | ३७,५३५ | | | | | | | |
| 9 | HVAC Technicians | 1 | 0 | 1800 | ६७,५६५ | | | | | | | |
| 10 | Instrument Technician | 3 | 0 | 1600 | ६०,०५५ | | | | | | | |
| 11 | Mason | 10 | 0 | 1200 | ४५,०४० | | | | | | | |
| 12 | Mechanical Foreman | 3 | 0 | 2000 | ७६,०७० | | | | | | | |
| 13 | Mechanical Helper | 10 | 0 | 1000 | ३७,५३५ | | | | | | | |
| 14 | Mechanical Technicians | 4 | 0 | 1800 | ६७,५६५ | | | | | | | |
| 15 | Pipe Fitters | 8 | 0 | 1600 | ६०,०५५ | | | | | | | |
| 16 | Plumbler | 5 | 0 | 1200 | ४५,०४० | | | | | | | |
| 17 | Scafolder | 10 | 0 | 1200 | ४५,०४० | | | | | | | |
| 18 | Steel Fixer | 10 | 0 | 1200 | ४५,०४० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १२ गते (26th Jun. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १६४८/०५०/०५१
**SECURE NEPAL JOB PLACEMENT PVT . LTD**
Kaktyani Chowk, Kathmandu, Nepal, Tel : 015919873, 015917974, Mob: 9851014874
E-mail: info@securenepaljobs.com, Website : www.securenepaljobs.com

## साउदी/युएइमा रोजगार
कम्पनी : TAWREED INTEGRATED INDUSTRIES
पूर्व स्वीकृति मिति : २०८२/03/08 | LT. No. 325701 | चलानी नं. ६०२३९७५०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 1 | 0 | 1200 | ४४,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : POWER RECRUITMENT LLC
पूर्व स्वीकृति मिति : २०८१/०९/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/08 | LT. No. 315655 | चलानी नं. ६०२३०१२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 52 | 0 | 800 | ३०,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १२ गते (26th Jun. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1518/074/075
**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 980102050,
Pokhara Branch: 9846325187, E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

## साउदीमा रोजगार
कम्पनी : ALOMAIER TRADING & CONTRACTING CO is a closed joint stock company
पूर्व स्वीकृति मिति : २०८१/०६/08 | पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/08 | LT. No. 311128 | चलानी नं.६०२२५६३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Road Maintenance Workers | 4 | 0 | 1000 | ३६,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALOMAIER TRADING & CONTRACTING CO is a closed joint stock company
पूर्व स्वीकृति मिति : २०८१/०८/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/08 | LT. No. 313790 | चलानी नं. ६०२२८१६३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६६,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Namq Serving Drinks Company
पूर्व स्वीकृति मिति : २०८२/03/08 | LT. No. 325817 | चलानी नं. ६०२३९७७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 5 | 0 | 1000 | ३६,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १२ गते (26th Jun. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम ईजाजत नं. ३८४/०५९/०६०

# प्रभाव दैनिक

बिहीबार, ०५ असार, २०८२ (Thursday, June 19, 2025)


## रूपशाला

### 'धोका दियौ तिमीले' गीतमा केकीको अभिनय

३५ वर्ष पुरानो गीत 'धोका दियौ तिमीले' नयाँ भर्सनमा आएको छ। शान्तिराम राईले सङ्गीत गरेको गीतमा 'द भ्वाईस अफ नेपाल सिजन ६' का फस्ट रनरअप रोशन राईले स्वर दिएका छन्। लुङ्टो क्रियशनको प्रस्तुति रहेको गीत बुद्धवीर लामाका शब्द छन्। पहिले यो गीतमा मेल भर्सनमा सरोज कुमार श्रेष्ठ र फिमेल भर्सनमा वरिष्ठ गायिका सुक्मित गुरुङले स्वर दिएका थिए। गीतलाई देवेश राईले एरेञ्ज गरेका हुन्। जहाँ चर्चित गायिका मेलिना राईको स्वर छ। गीतको भिडियोमा अभिनेत्री केकी अधिकारी र गायक स्वयम रोशनको अभिनय देख्न सकिन्छ।



# श्रेष्ठलाई 'दीर्घसाधना सम्मान' प्रदान गरिने

■ प्रभाव संवाददाता

**काठमाडौं–** पाँच दशक भन्दा अघिदेखि गीतसङ्गीतको क्षेत्रमा सक्रिय रहेका बरिष्ठ गायक दीप श्रेष्ठलाई 'नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान दीर्घसाधना सम्मान' प्रदान गरिने भएको छ। विसं २००७ मङ्सिर २६ गते सुनसरीको धरानमा जन्मिएका गायक श्रेष्ठले १८ वर्षको उमेरमा रेडियो नेपालमा 'म पत्थरको देवता होइन' बोलको गीत रेकर्ड गरी सङ्गीत क्षेत्रमा प्रवेश गरेका थिए।

उनले सङ्गीत क्षेत्रमा पुर्‍याएको अतुलनीय योगदानको कदर गर्दै यस वर्ष दीर्घसाधना सम्मान प्रदान गर्ने घोषणा गरिएको नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानकी कुलपति निशा शर्माले जानकारी दिइन्। उक्त सम्मानको राशि रु दुई लाख र ताम्रपत्र रहेको छ।

श्रेष्ठले रेडियो नेपालबाट २०२७ साल र २०२८



सालमा पुरुषतर्फ उत्कृष्ट गायन उपाधि र २०३० सालमा स्वर्ण पदक प्राप्त गरेका थिए। उनले चार सय बढी गीत गाएका छन्। प्रतिष्ठानले दीर्घसाधना सम्मानसहित 'नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार' पाउने नौ जना स्रष्टाको नामावली सार्वजनिक गरेको छ।

यही असार ११ गते राष्ट्रपति रामचन्द्र पौडेलबाट राष्ट्रपति भवन शीतलनिवासमा उक्त पुरस्कार तथा सम्मान प्रदान गरिने कुलपति शर्माले जानकारी दिइन्। यस्तै 'नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार' गायिका कुन्ती मोक्तान, वरिष्ठ सङ्गीत संयोजक राजु अग्रवाल, वरिष्ठ नृत्य निर्देशक भुवनदास श्रेष्ठ, वरिष्ठ रङ्गकर्मी हरिबादुर थापा र वरिष्ठ नाटककार वेदकुमारी न्यौपानेलाई प्रदान गरिने भएको छ।

खोज तथा अनुसन्धान नृत्य विधातर्फ खोज तथा अनुसन्धानकर्ता कृष्णप्रसाद पौडेल (नृत्यानन्द), वरिष्ठ लोकगायक नारायण रायमाझी र वरिष्ठ शास्त्रीय सङ्गीत साधक कुशेश्वरप्रसाद राईलाई उक्त पुरस्कार प्रदान गरिने प्रतिष्ठानकी सदस्य सचिव कृष्मा महरा 'प्रगति' ले जानकारी दिए। उनका अनुसार सबै पुरस्कारको राशि जनही रु एक लाख र ताम्रपत्र रहेको छ।

# स्कटल्यान्डको 'आदिवासी जनजाति चलचित्र महोत्सव'का लागि ४१ चलचित्र छानिए

■ प्रभाव संवाददाता

**काठमाडौं–** स्कटल्यान्डको एडम्बरामा जुलाई १९ मा आयोजना हुने 'आदिवासी जनजाति चलचित्र महोत्सव २०२५'को सहभागी हुने ४१ चलचित्रका नामावली सार्वजनिक गरिएको छ।

आयोजक नेपाल स्कटल्यान्ड एसोसिएसनले १५ वटा छोटा, ५ वटा वृत्तचित्र, १३ वटा आदिवासी जनजाति चलचित्र र ८ वटा आदिवासी जनजातिका कथा लिएर मूलधारमा बनेका चलचित्र समेट्दै नावावाली सार्वजनिक गरेको हो। ६० वटा आवेदनबाट ४१ चलचित्र छानिएका हुन्।


छानिएका चलचित्रमा छोटोमा बेङठा (निर्देशक इन्द्र बहादुर परियार), डेभिनेसन (निर्देशक गोपाल आचार्य), अदेख (निर्देशक अयुब केसी), जंगलमा (निर्देशक विवेक रामदाम), खिल (निर्देशक विकास मगर), कलर अफ टी (निर्देशक राज कुमार लामिछने), द ब्लाक पिग (निर्देशक नवीन मेन्याङबो), लौलसा परहेके (निर्देशक विनोद पुडासैनी), द ब्लु स्काई (निर्देशक निर्मल पौडेल), फेके (मदर टङ्ग, निर्देशक टोमा लामा), रिभा (निर्देशक प्रसिस बज्राचार्य), सन्ते (निर्देशक दीपक तामाङ), माता (निर्माता उमा कार्की), टरक्युसी (निभ बज्राचार्य), एप्रोन(निर्देशक किरन प्रसाद धिताल) रहेका छन्।

त्यस्तै वृत्तचित्रहरूमा गा घर (निर्देशक दीप नारायण राजवंशी), वडहाङने/पापनी (निर्देशक जस कुमार राई), गर्ल्स रीराइटिङ डेस्टिनी (निर्देशक लब प्याकुरेल), द एभरेस्ट मम (निर्देशक संगीता श्रेष्ठ), डिभाइन डाइलीमा (निर्देशक केपी पाठक) छन्।

त्यसैगरी आदिवासी चलचित्रहरूमा कर्तव्य आर संघर्ष (निर्देशक संतोष सरकार), गले वाना (निर्देशक अनयुक्ता स्थापित), अस्तु (निर्देशक दीपक तामाङ लामा), लोजिमा (निर्देशक सागर सुब्बा), हाङनन्द (निर्देशक विजय संयोक सुब्बा), मुखिया (निर्देशक प्रीतम गुरुङ), नाम्लो/जर्नी अफ पोर्टर्स (निर्देशक हेमन तामाङ), सेमिफुङ (निर्देशक रन वीर लिम्बू), सुगुप (निर्देशक लोकेन साबा लिम्बू),चे (निर्देशक सागर केरुङ), युप्पारुङ (निर्देशक रबिन श्रेष्ठ), जितिया (पर शुराम चौधरी), लाखे आजु ( निर्देशक आर्यन नकर्मी), नाक्छोङ (निर्देशक किरन राई)रहेका छन्। मूलधारमा आदिवासी जनजातिका कथा समावेश गरेर निर्माण भएका चलचित्रहरूलाई विशेष चलचित्र सम्मान अवार्ड प्रदान गरिने भएको छ। जसका लागि चलचित्रहरू गाउ आएको बाटो (निर्देशक नवीन सुब्बा), अन्जिला (निर्देशक मिलन चाम्स), कर्साङ (निर्देशक यम शेर्पा), घरज्वाइँ (निर्देशक अनिल बुढा मगर), खुश्मा(निर्देशक अशोक थापा), गोर्खा वारियर (मिलन चाम्स) र टुल्की (निर्देशक देव थापा) रहेको छन्।

सहभागी भएका चलचित्रहरूलाई बेस्ट एक्टर, बेस्ट एक्ट्रेस, बेस्ट स्क्रीप्ट, बेस्ट डिरेक्टर, बेस्ट सिनेमाटोग्राफर, बेस्ट एडिटर, बेस्ट डेब्यु डिरेक्टर, बेस्ट डेब्यु एक्टर/एक्ट्रेस प्रदान गरिने भएको छ। सहभागी चलचित्रमध्ये १९ जुलाईमा अन्जिला, लाखे आजु, कर्साङ, मुख्या र केही छोटा चलचित्र प्रदर्शन गरिने भएको छ।

# वस्तीको 'सूक्तिसंग्रह' सार्वजनिक




**काठमाडौं (प्रस)–** नेपाली लेखन फाँटमा साहित्यिक एवम् साहित्येत्तर सिर्जनाका लागि आफ्नो अलग स्थान बनाउन सफल ई. गणेशराज वस्तीको तेह्रौं कृति 'सूक्तिसङ्ग्रह' हालै प्रकाशनमा आएको छ।

'सूक्ति'को शाब्दिक अर्थ हुन्छ- सारपूर्ण वा उद्धरणीय कथन, महावाणी, मीठो वा मधुर बोली ! यसबाटै अनुमान लगाउन सकिन्छ सर्जक ई. वस्तीको 'सूक्तिसङ्ग्रह' अवश्यमेव सारयोग्य, ग्रहण गर्नलायक अभिव्यक्तिहरूको एक सङ्ग्रहको रूपमा पाठकसमक्ष आएको छ।

सूक्तिसङ्ग्रहका बारे आफ्नो मन्तव्य दिँदै प्रा.डा. वासुदेव त्रिपाठीका अनुसार 'वस्तुतः सूक्ति वा सूक्तिएकाइ पढ्दा वा सुन्दा कसैबाट सिधै या अलि घुमाउरो गरी अनि प्रायः अरुलाई वा आफूलाई सम्बोधित गरिएको हुन सक्ने लाग्ने खास कुनै वर्णन, संवाद या आत्मालापजस्तो र अलि अन्तर्नाटकीयजस्तो पनि गरी बताइएको र सुनाइएको खास कुनै हितकारी र मार्मिक किसिमको अलिकति शिक्षा या उपदेशजस्तो पनि लाग्ने अनि बढीमा अनुक्रमिक एकदुई या तीनचार रन्को अनुगूंज समेटिएको एक निकै सानो वा छोटो -लघुतम्) र निकै गहकिलो अनि प्रेरणास्पद भाषिक गद्यात्मक अतिसंक्षिप्त तर अतिसशक्त सूत्रात्मक उक्ति, कथन, सङ्कथन या अभिव्यक्ति नै त हो !'

मानिस जन्मेर हुर्किँदै जाँदा अनेक सिकाइ-बुझाइका साथ अनुभवहरू सँगाल्दै जान्छ। जीवन बिताएको हरक्षण वा वातावरणले व्यक्तिभित्र विचार-दर्शन तथा दृष्टिकोण सिर्जना गर्दछ। मनमा उब्जिएका यस्ता कुरा अभिव्यक्त गर्नका लागि परापूर्व कालदेखि नै श्रुतिपरम्परा चल्दै आएको छ भने पछिल्लो समयमा रेडियो, टिभी, युटुबदेखि शोधपत्र, पत्रपत्रिका, पुस्तक आदि माध्यम बन्दै आएका छन्।

पछिल्लो चरणमा फेसबुक, ट्वीटर, इन्स्ट्राग्राम आदिमा लेखेर आफ्ना विचारहरू सार्वजनिक गर्ने प्रचलन प्रखर हुँदै आएको छ। यसैक्रममा वरिष्ठ इन्जिनियर र कुशल तथा निष्ठावान् प्रशासक/व्यवस्थापक समेत रहेका लेखक वस्ती पनि खासगरी फेसबुकमार्फत आफ्ना सारगर्वित विचार, दृष्टिकोण, मनोभावहरूलाई सटिकरूपमा सार्वजनिक गर्ने पात्रमध्येका एक सशक्त पात्र बनेर देखापरे।

फेसबुकमार्फत उनले सार्वजनिक गर्ने 'सूक्ति'लाई सँगालेर पुस्तककै रूपमा प्रकाशन गर्न लेखकलाई प्रेरणा प्राप्त भयो र यतिबेला हाम्रो हातमा 'सूक्तिसङ्ग्रह' आइपुगेको छ।

'सूक्तिसङ्ग्रह'मा जम्मा पन्ध्र खण्डमा करिब सातसय पचास वटा सूक्तिहरू छन्। लेखकले आफ्ना स्वस्फुटित विशिष्ट भनाइ, दृष्टिकोण र विचारको कथन वा लेखनलाई नै सूक्ति मानी तिनको सञ्चयन गरेको बुझिन्छ, जसअनुसार खास भनाइमार्फत् व्यक्तिने सूक्तिरचना सूक्तिकारका विशिष्ट दृष्टिकोण वा विचारको अभिव्यक्ति हो भन्ने स्पष्ट हुन आउँछ। 'आन्तरिक कलहले प्रगतिको हुर्मत लिन्छ' भन्ने सूक्तिबाट शुरुभएको सूक्तिसङ्ग्रहको मैझारोचाहिँ 'आजको युगमा कसैले कसैलाई खेताला सम्झन्छ भने त्यस्ताको मेलो सर्दैन' भन्ने पङ्क्तिबाट गरिएको छ। पुस्तकभित्र रोचक, घोचक, प्रेरणास्पद, ज्ञानवर्द्धक सबै खालका सूक्ति समेटिएका छन्।

## रंगशाला

### गण्डकी प्रदेशस्तरीय क्रिकेट

# कास्कीको लगातार दोस्रो जित

■ प्रभाव संवाददाता

**कास्की–**: पोखरा रङ्गशालाको क्रिकेट मैदानमा जारी गण्डकी प्रदेशस्तरीय पुरुष टि-२० क्रिकेट प्रतियोगितामा आज सम्पन्न खेलमा कास्की र पर्वत विजयी भएका छन्।

प्रतियोगिताको समूह 'बी' रहेका कास्कीले यससँगै लगातार दोस्रो जित निकाल्दा पर्वत पहिलो पटक विजयी भएको छ। कास्कीले गोरखालाई १० विकेटको सानदार जित निकाल्दा पर्वतले नवलपुरलाई १५ रनले हराएका हो। यससँगै कास्की दुई खेलमा दुई खेल नै जित्दै चार अंकका साथ अग्रस्थानमा रहँदा पर्वत र नवलपुर एक/एक खेल जित्दै समान दुई/दुई अंकका साथ दोस्रो र तेस्रो स्थानमा छन्।

प्रतियोगिताको लिग चरणको बिहीबारको खेलले फाइनलमा पुग्ने टिमको टुङ्गो लाग्नेछ। पहिलो खेलमा गोरखा र पर्वत तथा दोस्रो खेल कास्की र नवलपुरकाबीच हुने आयोजक प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष सञ्जयकान्त सिग्देलले जानकारी दिए।

पहिलो खेलमा पर्वतले टस जितेर पहिले ब्याटिङ सुरु गरेकामा निर्धारित २० ओभरमा नौ विकेट गुमाउँदै १३१ रन बनायो।

टोलीका लागि अभिषेक थापाले ४० बलमा पाँच चौका र तीन छक्कासहित सर्वाधिक ५२ रन बनाए। अभिराज पटेलले २९ बलमा ३७ रन र बिनोद नेपालीले १० बलमा १४ रनको योगदान दिए। नवलपुरका लागि कमल परियार र सुदीप अर्यालले समान दुई/दुई विकेट लिएका थिए।

खेलमा जितका लागि १३२ रनको लक्ष्य पछ्याएको नवलपुर १८ ओभरको पाँचौं बलमा ११६ रनमात्र बनाउन सक्यो। गौरव विष्टले २५, स्वीकार श्रेष्ठले १८ र विगत पाण्डेले १७ रन बनाए। पर्वतका कप्तान अमृत गुरुङले चार विकेट लिए।

यसैगरी दोस्रो खेलमा कास्कीले गोरखालाई १० विकेटले पराजित गर्दै प्रभावशाली जित दर्ता गरेको छ। टस जितेर गोरखाले पहिला ब्याटिङ गर्ने निर्णय लियो। टोलीले १९ ओभरको पाँचौं बलमा सबै विकेट गुमाउँदै जम्मा ९० रन मात्र बनाउन सक्यो। गोरखाका लागि स्वरूपराज श्रेष्ठले १४ बलमा २१ रन बनाए भने मेहुल श्रेष्ठले ४५ बलमा १८ रन जोडे। कास्कीका सुवास भण्डारीले सर्वाधिक तीन विकेट लिए।

खेलमा जितका लागि ९१ रनको सामान्य लक्ष्य पाएको कास्कीले आठ ओभरको चौथो बलमा कुनै पनि क्षति बिना लक्ष्य भेट्टायो। अनिल गुरुङले २७ बलमा छ चौका र तीन छक्का प्रहार गर्दै अविजित ५१ रन बनाउँदै म्याच जिताए भने अर्को ओपनर अर्जुन कुमालले पनि २५ बलमा ३९ रन बनाए।

प्रदेश खेलकुद परिषद् गण्डकीको प्रवर्द्धन तथा प्रादेशिक क्रिकेट सङ्घ गण्डकीको आयोजनामा यही जेठ ३१ गतेदेखि सुरु भएको प्रतियोगितामा गण्डकीका आठ जिल्लाले प्रतिस्पर्धा गरेका छन्।

च्याम्पियन टोलीले रु एक लाख, उपविजेताले रु ५० हजार, ट्रफी, मेडल र प्रमाणपत्र पुरस्कार प्राप्त गर्ने आयोजकले जनाएको छ।

# गोकर्णेश्वरमा 'स्कुल टु ओलम्पिक' कार्यक्रम

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल ओलम्पियन्स एसोसिएसनले गोकर्णेश्वरको ड्याफोडिल पब्लिक स्कुलमा बुधबार स्कुल टु ओलम्पिक कार्यक्रम गरेको छ। ड्याफोडिलका विधार्थीसँग भएको अन्तरक्रियात्मक स्कुल टु ओलम्पिक कार्यक्रममा एसोसिएसनका अध्यक्ष दीपक विष्ट, सचिव देवु थापा, सन्तोषी श्रेष्ठ र प्रिन्स दाहालले आफ्नो खेल जीवन सुरुवात, यात्रा, कठिनाई र सफलताको प्रसंग साटेका थिए।

तेक्वान्दोका दीपक र जुडोकी देवुले सन् २००८ को बेइजिङ ओलम्पिक तथा एथलेटिक्सकी सन्तोषी र ब्याडमिन्टनका प्रिन्सले २०२४ को पेरिस ओलम्पिकमा देशको प्रतिनिधित्व गर्दै प्रतिस्पर्धा गरेका थिए । दीपकले खेलकुदमा अनुशासन, समर्पण, दृढ संकल्पले मात्रै सफलता मिल्ने आफ्नो अनुभवबाट सिकेको बताए। उनले चोट र संघर्षबाट आत्तिएर सफलता प्राप्त गर्न नसकिने बताए।

देवुले खेलकुदले नै आफूलाई मानसिक र शारीरिक रूपमा थप मजबुत बनाएको स्मरण गरिन्। खेल जीवनमा कठिन समयलाई पनि पार गर्दै दृढताका साथ अघि बढेकै कारण ओलम्पिकसम्मको यात्रा तय गर्न सकेको बताइन्।


सन्तोषीले हरेकको जीवनमा शिक्षाको महत्व हुने भएकाले विधार्थी जीवनमा त्यसमै बढी जोड दिनु पर्ने जनाउँदै खेलकुदमा रुची भएको खण्डमा समय व्यवस्थापन गरेर अध्ययन र अभ्यासलाई अघि बढाउनु उपयुक्त हुने सुझाव दिइन्।

प्रिन्सले परिवारको साथ र आफ्नोतर्फबाट शतप्रतिशत खेलमा केन्द्रीय भएकै कारण ओलम्पिक खेल्न सफल भएको बताए। विधार्थीहरूले ओलम्पिकसँग जिज्ञासा पनि राखेका थिए।

प्रदेश खेलकुद विकास परिषद् बागमतीको सहयोगमा स्कुल टु ओलम्पिक कार्यक्रम आयोजना भएको यो वर्षको तेस्रो कार्यक्रम हो। गत महिना भक्तपुरको सल्लाघारीस्थित सैनिक आवासीय महाविद्यालय र काभ्रेपलाञ्चोक साँगास्थित नेपाल पुलिस स्कुलमा कार्यक्रम आयोजना भएको थियो।

### सूर्य नेपाल प्रिमियर गल्फ च्याम्पियनसिप

# तेस्रो दिन राहुललाई एकल अग्रता




■ प्रभाव संवाददाता

**काठमाडौं–** सूर्य नेपाल गल्फ टुर २०२४-२५ को अन्तिम प्रतियोगिता सूर्य नेपाल प्रिमियर गल्फ च्याम्पियनसिपको तेस्रो दिन एमेच्योर खेलाडी राहुल विश्वकर्माले एकल अग्रता बनाएका छन्।

समग्रमा १६-अन्डर २ सयको स्कोरमा राहुलले साविक विजेता तथा भारतीय गल्फ टुर खेलिरहेका सुबाश तामाङलाई एक स्ट्रोकले पछि पारे। राहुलले ६-अन्डर ६६ स्कोर गरे।

पहिलो दिनका संयुक्त लिडर सुबाशले बोगी रहित ५-अन्डर ६७ को स्कोर जोडे। समग्रमा उनले १५-अन्डर २ सय १ स्कोर बनाएका छन्। एमेच्योर सदभाव आचार्यले ५-अन्डर ६७ को नतिजा निकाले। समग्रमा १३-अन्डर २ सय ३ स्कोरका साथ उनी तेस्रो स्थानमा छन्। समग्रमा ११-अन्डर २ सय ५ को स्कोरमा निरज तामाङ र भुवन नगरकोटी संयुक्तरूपमा चौथो स्थानमा रहे। भुवनले दिनकै उत्कृष्ट ८-अन्डर ६४ को स्कोर दर्ज गरे। निरजले ४-अन्डर ६८ मा खेल पुरा गरे।

भुटानका निम दोर्जी तामाङ समग्रमा ८-अन्डर २ सय ८ सहित छैटौं स्थानमा छन्। उनले २-अन्डर ७० खेले। उनी एमेच्योरतर्फ भने तेस्रो स्थानमा छन्। समग्रमा ७-अन्डर २ सय ९ सहित दिनेश प्रजापति सातौं स्थानमा रहने क्रममा आज ४-अन्डर ६८ को नतिजा निकाले। समग्रमा ३-अन्डर २ सय १३ सहित शुक्र बहादुर राई, सञ्जय लामा र रबि खड्का आठौं स्थानमा रहे। शुक्रले ३-अन्डर ६९, सञ्जयले २-अन्डर ७० र रबिले १-अन्डर ७१ को स्कोर बनाए।

लिडर राहुलले फ्रन्ट नाईनमा बोगी रहित ५-अन्डर ३१ को उत्कृष्ट प्रदर्शन गरे। उनले पहिलो देखि तेस्रो तथा छैटौं र सातौं होलमा गरी कुल ५ बर्डी प्रहार गरे। यसपछि ११औं होलमा १ सट खेर फाल्दा १५औं र १८औं होलको बर्डीले ब्याक नाइन १-अन्डर ३५ मा सकाए।

सुवासले फ्रन्ट नाइनमा ३-अन्डर ३३ र ब्याक नाइनमा २-अन्डर ३४ खेले। यो क्रममा उनले तेस्रो, चौथो, नवौं, बाहौं र तेह्रौं होलमा बर्डीको सफलता प्राप्त गरे।

सदभावले दोस्रो, तेस्रो, सातौं र नवौं होलको बर्डीले फ्रन्ट नाइन ४-अन्डर ३२ मा सकाए। यसपछि ११औं होलमा डबल बोगी खेपे। तर लगत्तै १२औं होलमा इगलको सफलता प्राप्त गरे भने १८औं होलको बर्डीले ब्याक नाइन १-अन्डर ३५ मा सकाए।

नेपाल प्रोफेसनल गल्फर्स एसोसिएसनद्वारा आयोजित चार दिने प्रतियोगितामा हालसम्मकै सर्वाधिक १६ लाख नगद पुरस्कार राशी रहेको छ। विजेताले उपाधि सहित ३ लाख नगद पुरस्कार प्राप्त गर्नेछन्। दोस्रो हुने खेलाडीले १ लाख ८५ हजार, तेस्रोले १ लाख २५ हजार, चौथोले १ लाख ५ हजार र पाँचौं हुनेले ९२ हजार रूपैयाँ हात पार्नेछन्। शीर्ष २१ भित्र रहने सबै प्रोफेसनल खेलाडी नगद पुरस्कारको हकदार बन्नेछन्।

चार दिने प्रतियोगितापछि असार ७ गते (शनिबार) प्रो-एम प्रतियोगिता हुनेछ। जहाँ २५ जना प्रोफेसनल र १०० जना कर्पोरेटस्तरका एमेच्योर खेलाडीले भाग लिनेछन्।

# इरानद्वारा इजरायलमा हाइपरसोनिक मिसाइल प्रहार

**तेहरान–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानलाई 'विनासर्त आत्मसमर्पण' गर्न माग गरेको केही घण्टापछि बुधबार बिहान कट्टर शत्रुबीचको रातको आक्रमणको पछिल्लो चरणमा इजरायलमा हाइपरसोनिक मिसाइल प्रहार गरेको तेहरानले बताएको छ ।

अमेरिकी राष्ट्रपतिले सहयोगी इजरायलको बमबारी अभियानमा वासिङ्टनले कुनै भूमिका खेलेको छैन भनी जोड दिएका छन्, तर द्वन्द्व छैटौं दिनमा प्रवेश गर्दा इरानलाई आफ्नो धैर्य सकिँदै गएको चेतावनी पनि दिएका छन् ।

सेनाले नागरिकहरूलाई उनीहरूको सुरक्षाका लागि एउटा जिल्ला छोड्न चेतावनी जारी गरेपछि इजरायली लडाकु विमानहरूले बुधबार बिहानै इरानी राजधानीलाई निशाना बनाए । इजरायली सेनाले पछि तेहरानमा हतियार निर्माण स्थल र सेन्ट्रिफ्युज बनाउन प्रयोग हुने सुविधामा आक्रमण गरेको बताएको छ ।

इरानले तेल अभिभका बासिन्दाहरूलाई आक्रमणका लागि तयार रहन भनेको छ। इस्लामिक रिभोलुसनरी गार्ड कर्पले आफ्नो हाइपरसोनिक फताह-१ मिसाइलहरूले व्यावसायिक केन्द्रमा 'बारम्बार आश्रयहरू हल्लाइरहेको' दाबी गरेको छ ।


'फताह-१ मिसाइल प्रयोग गरेर गर्वका साथ अपरेसन अननेस्ट प्रोमिस ३ को ११औं लहर' गरिएको गार्डहरूले राज्य टेलिभिजनमा प्रसारण गरिएको विज्ञप्तिमा भनेका छन् । हाइपरसोनिक मिसाइलहरू ध्वनिको गतिभन्दा पाँच गुणा बढी गतिमा यात्रा गर्छन् र उडानको बीचमा दिशा परिवर्तन गर्न सक्छन्, जसले गर्दा तिनीहरूलाई ट्र्याक गर्न र रोक्न गाह्रो हुन्छ । इरानले इजरायलतर्फ 'ड्रोनहरूको समूह' पनि पठाएको छ । त्यहाँ सेनाले मृत सागर क्षेत्रमा दुईवटा रोकेको बताएको छ ।

विश्व शक्तिहरूले द्वन्द्वलाई क्षेत्रव्यापी युद्धमा परिणत हुनबाट रोक्न आशा गर्दै निकास खोज्न हतार गरेका छन् । मंगलबार राति आफ्ना इरानी समकक्षी र अमेरिकी दूत स्टिभ विटकफसँग छुट्टै फोनमा इजिप्टका विदेशमन्त्री बद्र अब्देलट्टीले कूटनीतिक समाधानका लागि आग्रह गरे ।

धनी प्रजातन्त्रका क्लबका नेताहरूले संयुक्तरूपमा युद्धविरामको आह्वान गरेको क्यानाडामा भएको जी-७ शिखर सम्मेलनबाट हतारमा बाहिरिएपछि ट्रम्पले अमेरिकी हस्तक्षेपबारे अटकलबाजीलाई बढावा दिए । मंगलबार वासिङ्टनमा ट्रम्पले इरानको 'विनासर्त आत्मसमर्पण' गर्न माग गरे । उनले अमेरिकाले इरानका सर्वोच्च नेताको सजिलै हत्या गर्न सक्ने पनि घमण्ड गरे ।

'हामी तथाकथित 'सर्वोच्च नेता' कहाँ लुकेको छ भनेर ठ्याक्कै जान्दछौं । उनी सजिलो लक्ष्यमा छन्, तर त्यहाँ सुरक्षित छन् । हामी उनलाई मार्ने छैनौं, कम्तीमा अहिलेका लागि त छैनौं,' ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा लेखे ।

उनले द्वन्द्वको बारेमा छलफल गर्न आफ्नो राष्ट्रिय सुरक्षा परिषद्सँग भेट गरे । बैठक एक घण्टा २० मिनेटपछि कुनै तत्काल सार्वजनिक बयानविना समाप्त भयो । मध्यपूर्वको 'चिरस्थायी युद्धहरू' मा नफस्ने बारम्बार प्रतिज्ञा गरे पनि ट्रम्पले युएसएस निमित्ज विमान वाहकलाई धेरै अमेरिकी सैन्य विमानहरूसहित यस क्षेत्रमा जान आदेश दिए । अमेरिकी अधिकारीहरूका अनुसार उनले अहिलेसम्म कुनै पनि हस्तक्षेपका बारेमा निर्णय गरेका छैनन् ।



## निकासी

अन्तर्राष्ट्रिय चेतावनीका बावजुद इजरायलले इरानी आणविक र सैन्य सुविधाहरूलाई लक्षित गरी अभूतपूर्व बमबारी अभियान सुरु गर्दा शुक्रबार सुरु भएको लामो दूरीको आक्रमणबाट कुनै पनि पक्ष पछि हटेका छैनन् । इजरायलले आफ्नो आक्रमणमा वरिष्ठ इरानी कमाण्डर अली शादमानी र उनका पूर्ववर्ती गुलाम अली राशिद मारिएको दाबी गरेको छ ।

लडाइँ सुरु भएदेखि दुवै देशका आवासीय क्षेत्रहरूमा घातक आक्रमणहरू भएका छन् र विदेशी सरकारहरूले आफ्ना नागरिकहरू निकाल्न हतार गरेका छन् । सरकारी तथ्यांकअनुसार इजरायलले आफ्नो अभियान सुरु गरेदेखि इरानमा बसोबास गर्ने ७०० भन्दा बढी विदेशी छिमेकी अजरबैजान र आर्मेनियामा प्रवेश गरिसकेका छन् ।

उद्धार गरिएकामध्ये रुस, बेलारुस, कजाकिस्तान, किर्गिजस्तान, ताजिकिस्तान र उज्बेकिस्तानका साथै जर्मनी, स्पेन, इटाली, सर्बिया, रोमानिया, पोर्चुगल, संयुक्त राज्य अमेरिका, संयुक्त अरब इमिरेट्स, चीन र भियतनामका नागरिकहरू थिए । संयुक्त राज्य अमेरिकाले बढ्दो द्वन्द्वका बीच जेरुसेलममा आफ्नो दूतावास शुक्रबारसम्म बन्द गरिरहेको बताएको छ, तर अमेरिकीहरूलाई 'संकट क्षेत्र' छोड्न मद्दत गर्ने बारेमा कुनै घोषणा गरिएको छैन । हिंसाको डरले तेहरानका धेरै बासिन्दा भागेका छन् । मंगलबार मानिसहरूले इन्धन र आधारभूत आपूर्तिहरू भण्डारण गर्न हतार गर्दा बेकरी र पेट्रोल स्टेसनहरू बाहिर लामो लाइनहरू लागेका थिए ।

मंगलबार भएको साइबर आक्रमणले इरानको मुख्य सरकारी स्वामित्वमा रहेको बैंकहरूमध्ये एक सेपाह बैंकलाई अपांग बनाएको फार्स समाचार एजेन्सीले जनाएको छ । तेल अभिभमा नियमितरूपमा हवाई आक्रमणको साइरन बजिरहँदा केही मानिस सपिङ मलमुनि रहेको भूमिगत पार्किङमा स्थानमा सरेका छन् । 'सबै कुरा स्पष्ट नभएसम्म हामीले यहाँ स्थायी रूपमा शिविर राख्ने निर्णय गरेका छौं,' ३० वर्षीया माली पापिरानीले भनिन् ।

## आणविक सुविधाहरू

दशकौंको शत्रुता र लामो छायाँ युद्धपछि, इजरायलले आफ्नो आश्चर्यजनक हवाई अभियानको उद्देश्य इरानलाई आणविक हतियारहरू प्राप्त गर्नबाट रोक्नु रहेको बताएको थियो । तेहरानले आणविक हतियार प्राप्त गर्ने महत्त्वाकांक्षालाई अस्वीकार गरेको छ । इरानी मिडियाले आणविक सुविधाहरूको घर मध्य सहर इस्फहानमा मंगलबार धेरै विष्फोट भएको रिपोर्ट गरेको छ ।

संयुक्त राष्ट्रसंघको आणविक निगरानी निकायले इरानको नाताञ्ज सुविधामा 'भूमिगत सम्वर्द्धन हलहरूमा प्रत्यक्ष प्रभाव' भएको देखिएको बताएको छ । इजरायलले आफ्ना परमाणु गतिविधिहरूका बारेमा अस्पष्टता कायम राखेको छ, तर स्टकहोम अन्तर्राष्ट्रिय शान्ति अनुसन्धान संस्थान (सिप्री) का अनुसार इजरायलसँग ९० वटा आणविक हतियार छन् ।

द्वन्द्वले तेहरान र वासिङ्टनबीच चलिरहेको आणविक वार्ताको शृंखलालाई लिकबाट उतारेको छ । इजरायलको अभियान सुरु भएपछि इरानले आक्रमणमा परेको बेला संयुक्त राज्य अमेरिकासँग वार्ता नगर्ने बताएको थियो । फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले शासन परिवर्तनको प्रयासले 'अराजकता' ल्याउने भन्दै इरानसँग कूटनीति पुनः सुरु गर्न ट्रम्पको महत्त्वपूर्ण भूमिका रहेको बताए । चीनले ट्रम्पमाथि द्वन्द्वमा 'आगोमा घिउ खन्याएको' आरोप लगाएको छ भने टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगानले इजरायली नेता बेन्जामिन नेतान्याहुलाई 'यस क्षेत्रको सुरक्षाका लागि सबैभन्दा ठूलो खतरा' भएको आरोप लगाएका छन् ।

शुक्रबारदेखि इजरायलमा कम्तीमा २४ जनाको मृत्यु भएको र सयौं घाइते भएको नेतान्याहुको कार्यालयले जनाएको छ । इरानले आइतबार इजरायली हमलामा सैन्य कमाण्डर, आणविक वैज्ञानिक र नागरिकसहित कम्तीमा २२४ जनाको मृत्यु भएको बताएको छ । त्यसपछि तेहरानले अद्यावधिक संख्या जारी गरेको छैन ।

## आइएइएले भन्यो– दुई इरानी सेन्ट्रिफ्युज उत्पादन स्थल ध्वस्त

इरानको आणविक कार्यक्रमका लागि सेन्ट्रिफ्युज कम्पोनेन्टहरूको निर्माणस्थल रहेका दुई भवन राजधानी तेहरानको नजिकैको कराजमा नष्ट भएको अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएइए) ले बुधबार बताएको छ। इजरायली सेनाले तेहरान र वरपरका क्षेत्रमा शृंखलाबद्ध हवाई आक्रमण गरेको बताएको केही घण्टापछि संयुक्त राष्ट्रसंघीय एजेन्सीको यो घोषणा आएको हो ।

'इरानका दुईवटा सेन्ट्रिफ्युज उत्पादन केन्द्र, टेसा कराज कार्यशाला र तेहरान अनुसन्धान केन्द्रमा आक्रमण भएको आइएइएसँग जानकारी छ,' आइएइएले एक्समा एक पोस्टमा भनेको छ, 'दुवै स्थल पहिले जेसिपिओएको भागका रूपमा आइएइए निगरानी र प्रमाणीकरणअन्तर्गत थिए ।' जेसिपिओले इरानको आणविक कार्यक्रमसम्बन्धी सन् २०१५ को सम्झौतालाई जनाउँछ ।

'तेहरानको एक स्थलमा भएको अर्को आक्रमणमा एक भवनमा आक्रमण भयो जहाँ उन्नत सेन्ट्रिफ्युज रोटरहरू निर्माण र परीक्षण गरिन्थ्यो,' एजेन्सीले एक्समा अर्को पोस्टमा भनेको छ । एक इजरायली सैन्य वक्तव्यले तेहरान क्षेत्रमा आफ्नो हवाई आक्रमणको वर्णन गरेको थियो । 'इरानको आणविक हतियार विकास कार्यक्रममा बाधा पुऱ्याउने व्यापक प्रयासको एक हिस्साका रूपमा तेहरानको सेन्ट्रिफ्युज उत्पादन सुविधालाई लक्षित गरिएको थियो,' इजरायली सेनाले भनेको छ । सेन्ट्रिफ्युजहरू युरेनियम सम्वर्द्धनका लागि महत्त्वपूर्ण छन् । यो संवेदनशील प्रक्रिया हो जसले आणविक रिएक्टरहरूका लागि इन्धन वा अत्यधिक विस्तारितरूपमा आणविक रिएक्टरको कोर उत्पादन गर्न सक्छ । *रासस/एएफपी*

## इरानले कुनै हालतमा आत्मसमर्पण गर्दैन: *खामेनी*



**तेहरान–** इरानका सर्वोच्च नेता अयातुल्लाह अली खामेनीले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको मागअनुसार इरानले कहिल्यै आत्मसमर्पण नगर्ने बताएका छन् । ट्रम्पले संयुक्त राज्य अमेरिकाले खामेनीको कहाँ लेकेक छन् भन्ने अमेरिकालाई थाहा भएको र चाहेमा उनको हत्या गर्न सक्ने दाबी गर्दै इरानले तत्काल 'विनासर्त आत्मसमर्पण' गर्नुपर्ने बताएको केही घण्टापछि इरानी सर्वोच्च नेता खामेनीको उक्त प्रतिक्रिया आएको हो ।

इजरायलले शुक्रबार ठूलो बमबारी अभियान चलाएपछि इरानले क्षेप्यास्त्र र ड्रोनमार्फत जवाफी कारबाही सुरु गरेको थियो । 'यो राष्ट्रले कहिल्यै आत्मसमर्पण गर्ने छैन,' खामेनीले सरकारी टेलिभिजनमा गरेको लिखित सम्बोधनमा ट्रम्पको अल्टिमेटमलाई 'अस्वीकार्य' सर्त भनेका छन् । 'कुनै पनि सैन्य हस्तक्षेपले अपूरणीय क्षति पुऱ्याउँछ भन्ने कुरा अमेरिकाले बुझ्नुपर्छ,' उनले भने ।

सन् १९८९ देखि सत्तामा रहेका र इरानका सबै राज्यका मामिलाका अन्तिम मध्यस्थ खामेनीले यसअघि नै इरानले इजरायली नेताहरूप्रति कुनै दया नदेखाउने प्रतिबद्धता व्यक्त गरेका थिए । तेहरान नजिकै इरानको आणविक कार्यक्रमका लागि 'सेन्ट्रिफ्युज कम्पोनेन्ट' बनाउने दुईवटा भवनलाई इजरायली आक्रमणले ध्वस्त पारेको संयुक्त राष्ट्रसंघीय आणविक निगरानी निकाय आइएइएले पुष्टि गरेपछि खामेनीले इरान अमेरिकासँग नझुक्ने बताएका हुन् । *रासस/एएफपी*

# पश्चिम भारतमा वर्षाका कारण १८ जनाको मृत्यु

**अहमदाबाद (भारत)–** भारतको पश्चिमी गुजरातका केही भागमा भारी वर्षाका कारण सोमबारदेखि कम्तीमा १८ जनाको मृत्यु भएको राज्य अधिकारीहरूले बताएका छन् । अधिक भारी मनसुनी वर्षाका लागि तयारी गरिरहेका राज्यका दक्षिणका बासिन्दाहरूलाई सहयोग गर्न विपद् प्रतिक्रिया टोलीहरू तैनाथ गरिएको छ ।

'वर्षासँग सम्बन्धित घटनामा १८ जनाको ज्यान गएको छ, विपद् प्रतिक्रिया टोलीहरूले तल्लो क्षेत्रमा दर्जनौंलाई उद्धार गरेका छन्,' राज्य सरकारले मंगलबार राति भनेको छ । सबैभन्दा बढी प्रभावित क्षेत्रहरूमा पालिताना र जेसर सहरहरू समावेश छन् । यी सहरमा मंगलबार पछिल्लो २४ घण्टामा आठ सय ६७ मिलिमिटर (३४ इन्च) वर्षा भएको छ ।



राज्य राहत आयुक्त आलोककुमार पाण्डेले खराब मौसमका कारण आँधीबेहरी, चट्याङ र संरचनात्मक पतनका कारण १८ जनाको मृत्यु भएको बताए । 'स्थितिलाई सम्हाल्न राज्य पूर्णरूपमा तयार छ र द्रुत राहत तथा उद्धार कार्य सुनिश्चित गर्न अन्तर-विभागीय समन्वयलाई तीव्र बनाइएको छ,' पाण्डेले भने ।

उद्धार गरिएकामध्ये गढडा क्षेत्रका आँपको बगैंचामा फसेका १८ जना खेत मजदुर र सुरेन्द्रनगर जिल्लाका २२ जना थिए । त्यहाँ बगिरहेको नदीको पानी उनीहरूको घरमा प्रवेश गरेको थियो । भारतको जुनदेखि सेप्टेम्बरसम्मको वार्षिक मनसुन मौसमले तीव्र गर्मीको गर्मीबाट राहत दिन्छ र पानीको आपूर्ति पुनः पूर्तिका लागि महत्त्वपूर्ण छ । तर एक अर्ब ४० करोड जनसंख्या भएको भारतभरि आकस्मिक बाढी र भूस्खलनका कारण हरेक वर्ष वर्षाको मौसममा धेरै मानिसको मृत्यु हुन्छ । *रासस/एएफपी*

# मस्कको स्टारलिंकलाई भारतले दियो लाइसेन्स

**नयाँदिल्ली–** नयाँदिल्लीले एलन मस्कको स्टारलिंक स्याटेलाइट इन्टरनेट सेवालाई इजाजतपत्र प्रदान गरेको छ । यसले भारतको 'कनेक्टिभिटीको अर्को सीमा' खोलेको भारतका सञ्चारमन्त्रीले बताएका छन् ।

पृथ्वीको निम्न कक्षाका उपग्रहहरू प्रयोग गरेर दुर्गम स्थानहरूमा उच्च गतिको इन्टरनेट पहुँच प्रदान गर्ने स्टारलिंकको सुरुआतले भारतमा प्रिडेटरी मूल्य निर्धारणदेखि स्पेक्ट्रम बाँडफाँटसम्मका विषयहरूमा तीव्र बहस सुरु गरेको छ । सञ्चारमन्त्री ज्योतिरादित्य सिन्धियाले स्टारलिंकका मालिक स्पेसएक्सका अध्यक्ष र प्रमुख परिचालन अधिकारी ग्वेनी सटवेलसँग 'फलदायी बैठक' गरेको बताए ।




'सटवेलले स्टारलिंकलाई दिइएको इजाजतपत्रको प्रशंसा गर्दै यसलाई यात्राको उत्कृष्ट सुरुआत भनेका छन्,' मन्त्रीले मंगलबार मस्कको स्वामित्वमा रहेको सामाजिक सञ्जाल प्लेटफर्म एक्समा भने । यो भारतका दुई ठूला टेलिकम सेवा प्रदायक जिओ प्लेटफर्म र यसको प्रतिद्वन्द्वी भारती एयरटेलले मार्चमा आफ्ना ग्राहकहरूलाई स्टारलिंक इन्टरनेट प्रदान गर्न स्पेसएक्ससँग सम्झौता गरेको घोषणापछि आएको हो ।

स्पेसएक्सका मालिक मस्कले एसियाका सबैभन्दा धनी व्यक्ति र जिओ प्लेटफर्मका मालिक मुकेश अम्बानीसँग स्याटेलाइट स्पेक्ट्रम कसरी प्रदान गर्ने भन्ने विषयमा कुरा गरेका छन् । भारतमा मस्कका व्यापारिक चासोहरू हाल एक्समा मात्र सीमित भएता पनि टेक उद्यमीको इलेक्ट्रिक सवारीसाधन निर्माता टेस्लाले देशमा प्रवेशको तयारी गरिरहेको छ । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९५९०० | प्रति तोला – ० | प्रति तोला – २२२५ |



**धान रोपाइँ** | समयमा पानी परेकाले इलामको सूर्योदय नगरपालिका-१, मकरजुङमा खेत रोप्दै किसान । जेठ/असारमा रोपेको धान मङ्सिरमा थन्क्याउने गरिन्छ ।
*तस्बिर: मनोज अधिकारी/रासस*

# विश्व बैंकबाट ५० अर्ब ५१ करोड ऋण लिँदै सरकार

■ प्रभाव संवाददाता




**काठमाडौं** – सरकारले विभिन्न आयोजनाका लागि विश्व बैंकबाट प्राप्त हुने रु ५० अर्ब ५१ करोड सहुलियतपूर्ण ऋण स्वीकार गर्ने निर्णय गरेको छ । रणनीतिक सडक सञ्जाल तथा व्यापारिक मार्ग सुधार आयोजना र पुल सुधार तथा कार्यक्रमका लागि उक्त रकम स्वीकार गरिएको हो ।

सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरूङका अनुसार विश्व बैंक समूहको अन्तरराष्ट्रिय विकास संस्थाबाट रणनीतिक सडक सञ्जाल तथा व्यापारिक मार्ग सुधार आयोजनाका लागि करिब रु २९ अर्ब ७२ करोड उपलब्ध हुनेछ ।

त्यसैगरी विश्व बैंकबाटै पुल सुधार तथा कार्यक्रम तोस्रो चरणका लागि प्राप्त हुने करिब रु २० अर्ब ७९ करोड नेपाली रूपियाँ बराबरको सहुलियतपूर्ण ऋण स्वीकार्ने निर्णय गरिएको मन्त्री गुरुङले जानकारी दिए ।

साथै, उनका अनुसार दक्षिण कोरिया सरकारबाट बर्दिया जिल्लामा सञ्चालन हुने समावेशी ग्रामीण विकास परियोजनाका लागि प्राप्त हुने करिब रु एक अर्ब आठ करोड ८० लाख नेपाली अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ ।

मन्त्री गुरुङका अनुसार मन्त्रिपरिषद्ले मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए) लाई ४०० केभी डवलसर्किट विद्युत् प्रसारणलाइन आयोजना निर्माणको लागि नवलपरासी (वर्दघाट सुस्ता-पश्चिम) जिल्लाको सुनवल नगरपालिका, रामग्राम नगरपालिका र बर्दघाट नगरपालिकामा रहेको राष्ट्रिय वनको ४३ दशमलव ६६ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिइएको छ ।

# कैलाली भन्सारबाट सात अर्ब ८१ करोड राजस्व संकलन

**अत्तरिया (कैलाली) (प्रस)**– कैलाली भन्सार कार्यालयले ११ महिनामा रु सात अर्ब ८१ करोड २८ लाख राजस्व संकलन गरेको छ । उक्त कार्यालयका सूचना अधिकारी खिमप्रसाद अर्यालका अनुसार चालु आर्थिक वर्षको साउनदेखि जेठ मसान्तसम्म उक्त रकम संकलन भएको हो । कार्यालयले भन्सार महसुलतर्फ रु दुई अर्ब ८९ करोड ६३ लाख, मूल्य अभिवृद्धिकरतर्फ रु दुई अर्ब ९१ करोड ७५ लाख, अन्तःशुल्कतर्फ रु १९ करोड ५१ लाख र अन्यतर्फ रु एक अर्ब ८० करोड ३९ लाख संकलन गरेको छ ।

चालु आवमा भन्सार कार्यालयको रु ११ अर्ब १६ करोड २६ लाख राजस्व संकलनको वार्षिक लक्ष्य रहेकामा ११ महिनामा संकलन भएको राजस्व वार्षिक लक्ष्यको ६९ दशमलव ९९ प्रतिशत छ । चालु आवको साउनमा रु ५७ करोड ५० लाख, भदौमा रु ५३ करोड ८४ लाख, असोजमा रु ६७ करोड २४ लाख, कात्तिकमा रु ६२ करोड ७८ लाख, मङ्सिरमा रु ८१ करोड १३ लाख र पुसमा रु ६५ करोड ८७ लाख राजस्व संकलन भएको छ ।

त्यसैगरी माघमा रु ७३ करोड दुई लाख, फागुनमा रु ७२ करोड ७६ लाख, चैतमा रु ७८ करोड ८० लाख, वैशाखमा रु ८१ करोड ८० लाख र जेठमा ८७ करोड १३ लाख राजस्व संकलन भएको छ । बढी राजस्व संकलन हुने पेट्रोलियम पदार्थलगायत वस्तुको आयातमा कमी हुनु तथा यस्तै विविध कारणले राजस्व संकलन लक्ष्यमा पुग्न नसकेको सूचना अधिकारी अर्यालले बताए ।

गत आवमा रु ११ अर्ब ५८ करोड २४ लाख वार्षिक राजस्व संकलनको लक्ष्य रहेकामा रु सात अर्ब ९१ करोड ८० लाखमात्र संकलन भएको थियो ।

# जाइका नेपाल प्रमुखद्वारा तनहुँ जलविद्युत आयोजना निरीक्षण

■ प्रभाव संवाददाता

**दमौली (तनहुँ)**– तनहुँको ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका) नेपाल प्रमुखको टोलीले बुधबार अनुगमन गरेको छ । जाइका नेपाल कार्यालयका प्रमुख मात्सुजाकी मिजुकी नेतृत्वको टोलीले आयोजनाको स्थलगत निरीक्षण गर्दै हालसम्मको प्रगतिबारे जानकारी लिएको छ । जलविद्युत् आयोजनामामा जाइकाको लगानी रहेको छ ।



टोलीले आयोजनाका प्याकेज-१ र २ अन्तर्गतका निर्माणाधीन संरचनाको स्थलगत निरीक्षण र आयोजना प्रमुख, आयोजना सुपरीवेक्षण परामर्शदाताका प्रमुखलगायतसँग छलफल गरेको छ । अनुगमन टोलीलाई आयोजना प्रमुख श्यामजी भण्डारीले हालसम्मका प्रगतिबारे जानकारी गराए । आयोजनाको तीन वटा प्याकेजमा काम भइरहेको छ । भण्डारीका अनुसार प्याकेज एक अन्तर्गत बाँध निर्माणमा ४२.५ प्रतिशत, प्याकेज दुई अन्तर्गत भूमिगत विद्युत्गृहमा ६७ र प्याकेज तीन अन्तर्गत प्रसारण लाइन निर्माणमा ७४ प्रतिशत प्रगति भएको छ ।

आयोजनाको समग्र निर्माण विसं २०८३ असारभित्र सक्ने लक्ष्य राखिएको छ । कम्पनीको पुँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कुल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको व्याज समेत) ५० करोड ५० लाख अमेरिकी डलरको लागि एडीबीले १५ करोड, जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैङ्कले आठ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर व्यहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ ।

# किबीखेतीमा आकर्षण बढ्दै



**गुल्मी**– सत्यवति गाउँपालिका-८ भार्षेका यमबहादुर थापा यतिबेला व्यावसायिक रूपमा किबीखेती गरेर राम्रो आम्दानी गर्न थालेका छन् । परम्परागत रूपमा कोदो र मकै उत्पादन हुँदै आएको उहाँको बारी यतिबेला किबीका बोटले ढपक्कै ढाकेको छ । उनले किबीखेती गरेर वार्षिक रु छ लाखभन्दा बढी आम्दानी गर्दै आएका छन् ।

थापा कृषक मात्र नभएर जनप्रतिनिधि पनि हुन् । सत्यवती-८ का सदस्य थापाले गत ११ वर्षदेखि किबीखेती गर्न सुरु गरेका हुन् । उनले आठ रोपनी जग्गामा किबीखेती गर्दै आएका छन् । उनको बारीमा यलिसन, हेवार्ड, रेड, गोल्डेन, ब्रुनो, मोन्टी र रेड गरी छ जातका किबीका बिरुवा छन् ।

जलवायु र भौगोलिक संरचनाको हिसाबले भार्षे किबीखेतीका लागि उपयुक्त ठाउँ मानिन्छ । उनले गत वर्ष रु चार लाखको किबी र रु दुई लाखको किबीका बिरुवा बिक्री गरेको बताए । तीन वर्षबाटै किबीले उत्पादन दिन थालेपछि थापालाई किबीखेती गर्ने उत्प्रेरणा जागेको हो ।

एउटै बोटमा ५० देखि एक क्वीन्टलसम्म किबी फल्ने गरेको छ । उनको बारीमा अहिले एक सय ५० किबीका बोट रहेका छन् । सुरुमा थापाले तार, पाइप र खम्बा बनाउनका लागि रु आठ लाख खर्चेर व्यावसायिक रूपमा किबीखेती गर्न सुरु गरेका हुन् ।

'त्यही लगानीले अहिलेसम्म काम गरेको छ, यो बहुवर्षीय भएका कारण एक पटक लगाएपछि ५० वर्षसम्म आम्दानी लिन सकिन्छ, त्यसैले यसैमा रमाएको छु', उनले भने । किबीमा अन्य जातका फलफुलमा भन्दा रोग खासै नलाग्ने भएको उनले बताए । 'वर्षमा दुई पटक हाँगा काटछाँट गर्नुपर्छ, गोठे मल मात्र प्रयोग गर्दै आएको छु, त्यसैअनुसार उत्पादन पनि राम्रो हुँदै गएको छ', थापाले भने ।

उनले उत्पादन गरेको किबी बजारमा रु दुई सयदेखि रु तीन सयसम्ममा बिक्री हुने गर्दछ । भार्षेको किबी स्थानीय बजारदेखि पाल्पा र बुटवलसम्म पुग्ने गरेको छ । उनले किबीलाई प्रशोधन गरेर वाइन बनाउन सुरु गरेका छन् । किबीलाई बजारको खासै समस्या नभएको थापाले बताए । थापाले पाँच वर्षदेखि किबीको नर्सरीसमेत गर्दै आएका छन् । उनको नर्सरीमा यतिबेला आठ हजार किबीका नयाँ बिरुवा रहेका छन् । एउटा बिरुवालाई रु एक सय ५० देखि रु दुई सय पर्दछ ।

गाउँपालिकाले भार्षेलाई किबीको पकेट क्षेत्र घोषणा गरी कृषकलाई उत्प्रेरित गर्दै आएको छ । किबीखेती विस्तारका लागि पालिकाबाट प्राविधिक सहयोगदेखि आवश्यकताअनुसारको तालिम, टनेल, नर्सरी तथा बिरुवामा अनुदान उपलब्ध गराउँदै आएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कमलप्रसाद भुसालले बताए । किबीका अन्य जातमा सबैभन्दा राम्रो गोल्डेन र रेड किबी राम्रो मानिन्छ । यसको मुल्य अन्य जातको किबीको भन्दा रु एक सय बढी पर्दछ । भार्षेमा पाँच वटा किबी समूहमा ८० कृषक आबद्ध छन् । *रासस*

# चिस्यान केन्द्र निर्माण अन्तिम चरणमा

■ प्रभाव संवाददाता

**खोटाङ**– खोटेहाङ गाउँपालिकामा भौतिक पूर्वाधार विकास योजनाको काम ९० प्रतिशत सम्पन्न भएको पाइएको छ । आर्थिक वर्ष २०८१/८२ का लागि सडक, पुल, सिँचाइ योजना, विद्यालय भवन, सभाहल, कभर्डहल, चिस्यान केन्द्र, खेलमैदान निर्माणलगायतका शीर्षकमा भौतिक पूर्वाधार विकास योजना बनाएर गाउँपालिकाले बजेट विनियोजन गरेको थियो ।

वडा नं ९ रहेको खोटेहाङमा चालु आर्थिक वर्षका लागि विभिन्न शीर्षकका ११ भौतिक पूर्वाधार विकास योजना निर्माण गरिएको थियो । चालु आर्थिक वर्षका लागि निर्माण गरिएको भौतिक पूर्वाधार विकास योजनामा विनियोजन गरिएको रु १२ करोड ५४ लाख ८८ हजारमध्ये रु नौं करोड ६० लाख ११ हजार खर्च भएको पाइएको हो ।

संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा निर्माण गरिएका अधिकांश योजनाको भौतिक प्रगति भइसकेको गाउँपालिका प्रमुख उदिमबहादुर राईले जानकारी दिएका छन् । 'सीमित स्रोत र साधनबीच काम गरिरहेका छौं । यो आर्थिक वर्षका लागि निर्माण गरिएका अधिकांश योजना सम्पन्न भइसकेका छन्', उनले भने, 'बहुवर्षे योजनाको हकमा पुनःआर्थिक वर्ष २०८२/८३ मा बजेट विनियोजना गरेर अगाडि बढाउँछौं । हामीले निर्माण गरेका योजना तथा कार्यक्रममा गुणस्तर निर्धारण, दीगोपना तथा पारदर्शीतालाई मध्यनजर गरेर काम गरिरहेका छौं ।'

जिल्लाको दक्षिणी क्षेत्रमा पर्ने खोटेहाङ गाउँपालिकाले बिहीबार वार्षिक सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना गरेर आफ्नो गतिविधिका बारेमा जानकारी दिएको थियो । गाउँपालिकास्तरीय राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, सरोकारवाला निकाय, पत्रकारलगायतको उपस्थितिमा किरात कोशी सञ्चार प्रालिको सहजीकरणमा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न गरिएको हो ।

कुल बजेट रु ५८ करोड २८ लाख ७३ हजारमा आधारित रहेर निर्माण गरिएको योजनामा चालुतर्फ ६३ दशमलव ५३ प्रतिशत तथा पुँजीगततर्फ ४९ दशमलव ६१ प्रतिशत खर्च भएको पाइएको हो ।

कार्यक्रममा नेपाली कांग्रेस खोटेहाङ गाउँपालिका कार्यसमिति सभापति प्रेम थापा, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सचिव अमरबहादुर बस्नेत, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष दिपेन थुलुङ, भगवती दिनानाथ माविका प्रधानाध्यापक कुमार पराजुली, वडा नं ४ बडकादियालेका स्थानीयवासी एवम् वडा सदस्य प्रदीप आचार्यलगायतले गुनासा तथा सुझाव दिएका थिए ।

गाउँपालिकाले आगामी दिनमा निर्माण गर्ने नीति तथा कार्यक्रममा दिगोपना तथा गुणस्तरमा ध्यान दिन, भुक्तानी समस्या समाधान गर्न, बसाइँसराइ रोक्ने कार्यक्रम बनाउन, विद्यालयलाई समायोजन गरेर आवासीयरूपमा सञ्चालन गर्न, परम्परागत कृषि प्रणालीलाई आधुनिकीकरण गर्दै स्थानीयवासीलाई व्यवसायिक बनाउनलगायतका सुझाव दिएका छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ